सर्वाधिक बिक्री हुने

# साप्ताहिक

सबैको लागि सम्पूर्ण पत्रिका

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.



**लभगुरू**

## रेखा थापा

पाठकहरूको समस्या समाधान गर्दैछिन्

पृष्ठ ११ मा

• वर्ष १२ • अंक ३ • काठमाडौं, शुक्रबार, जेठ १९, २०६३ • SAPTAHIK • Nepali National Weekly • Friday, Jun 2, 2006 • पृष्ठ २४ • मूल्य रु. ८/-



## माओवादीका जनसेना

# अब जनसेवक




• **कमल रिमाल**

विराटनगर- भूमिगत माओवादी कार्यकर्ताहरू सरकार-माओवादी युद्धविरामपछि जन सेवकका रूपमा सहर-बजारमा निस्कन थालेका छन् । एकै खाले पहिरनमा युवा-युवतीहरू पार्टी प्रचार, चन्दा सङ्कलन मात्र होइन, सार्वजनिक कार्यक्रममा स्वयंसेवकका रूपमा देखापर्छन् । माओवादीको पार्टी कार्यकर्ता, सेना, विद्यार्थी, मजदुर, किसानजस्ता फाँटमा रहेर भूमिगत जीवन बिताउँदै आएका उनीहरूलाई अहिले जनसेवक भएर हिँडेको देख्न सकिन्छ ।

'जनताको सेवक नै जनसेवक हो,' अनेरास्ववियु (क्रान्तिकारी) मोरङका सदस्य तथा जनसेवक सुरेश गुरागाईं भन्छन्- 'कुनै पनि विकास-निर्माणको काममा जनसेवक सहभागी हुन्छ ।' युद्धको मोर्चामा हुँदा जनतासामु जान अप्ठ्यारो हुन्थ्यो भन्ने गुरागाईंले अहिले जनताले नै आफ्नो स्वागत गरेको बताए । भूमिगत जीवनमा जंगलमा बसेर युद्ध लड्ने जनसेना अहिले सहर-बजारमा खुलेर हिँडेका छन् । 'अब खुला राजनीतिमा आएका छौं, फेरि हतियार बोक्नु नपरोस्,' जनसेनाका छिरिङले साप्ताहिकलाई बताए ।

विराटनगरको जनआन्दोलन चोकमा माओवादी अध्यक्ष प्रचण्डको तस्बिर अंकित पहिरनमा बन्दुक बोकेका प्रहरीसँग शान्तिका बारेका कुरा गर्दै एक जनसेवक भन्छन्– 'हामीले युद्ध लडेको शान्तिका लागि हो, शान्तिको सङ्केत देखिएको छ । अब काटमार रोकिनुपर्छ ।' माओवादी कार्यकर्ता र प्रहरीले हात मिलाएर दोहोरो संवाद गर्दै फेरि युद्ध लड्नु नपरोस् भन्ने सल्लाह पनि गरे । जन-मिलेसियामा हिँडेकी ममताले खुला रूपमा हिँड्न पाएकोमा खुसी व्यक्त गरिन् । उनले भूमिगत नभै सधै यसरी खुलेर हिँड्न पाइयोस् भन्ने कामना पनि गरिन् ।

उनीहरूले जनसेवासम्बन्धी कुनै पनि तालिम पाएका छैनन् । माओवादी मोरङका अध्यक्ष सुशीलका अनुसार, पार्टीको काम नै उनीहरूको तालिम हो । हरेक क्षेत्रका कार्यकर्तालाई जनसेवामा ल्याइएकाले उनीहरू तालिमप्राप्त सरह हुन्छन् । सबैले गर्न सक्ने काम जनसेवकले गर्ने भएकाले कुनै पनि कार्य गाह्रो नहुने उनीहरू बताउँछन् । उनीहरूले बताएअनुसार माओवादीका हरेक गतिविधिमा सरिक भएकाहरूलाई खुला राजनीतिमा निस्किएपछि जनसेवकको जिम्मेवारी थपिएको हो ।

जंगलमा बस्नेहरू सहरमा बस्न थालेका छौं भन्ने जनमुक्ति सेनाका विक्रमले सरकार-माओवादीबीच जारी वार्ता विफल हुन नहुने बताए । 'पुन: जंगल जान मन छैन तर वार्ता विफल भए जंगल त जानैपर्ने हुन्छ,' उनको भनाइ थियो । भूमिगत रहेर खुला भएका उनीहरू पिंजडाबाट उम्किएको चरासरह देखिन्छन् । विराटनगरमा भएको माओवादीको विशाल जनसभामा खटिएका जनसेवकहरूसँग राय लिंदा सबैले पुन: लडाइँमा जान

बाँकी पृष्ठ ६ मा

**पुजाना** साप्ताहिक तथा साइबर संसार डटकमका लागि केही फरक प्रकारका तस्बिर खिचाउन चाहन्थिन् । अन्ततः उनले बिकनी, बडी पेन्टिङ आदि 'कन्सेप्ट' मा ग्ल्यामर्स पोज दिने बताइन् । पृथ्वी राजमार्गको किनारामा रहेको त्रिशूली नदी र अन्य खोलाका छेउछाउमा उनका विभिन्न आकर्षक पोजलाई साइबर संसारका फोटोग्राफर दाजुभाइ अभिनव र दिपंकरले आफ्नो क्यामेरामा उतारे । शरीरमा कलाकार जया शर्माले चित्र बनाइन् र ती तस्बिर साइबर संसारको स्टुडियोमा खिचिए । उनका थप तस्बिरहरू आज शुक्रबार ११ बजेपछि साइबर संसार डटकममा पनि हेर्न सकिन्छ । आफ्नो अनुभव सुनाउँदै पुजानाले भनिन्- 'तस्बिर खिचाउँदा म जति एक्साइटेड थिएँ, साप्ताहिक र वेबसाइटमा आएपछिका प्रतिक्रिया सुन्न त्यति नै आतुर छु ।'



## आज

मध्यपृष्ठमा

# शिखर म्युजिक अपडेट

SHIKHAR MUSIC
SHIKHAR
Safalta ko life
STATUTORY DIRECTIVE: SMOKING IS INJURIOUS TO HEALTH

## साताको स्वर



### राजनराज शिवाकोटी

**'वार्ता गराइदिऊँ....' गीत लोक-तेहेरी नै हो त ?**

– अवश्य पनि ! सांगीतिक क्षेत्रमा केही नौलो प्रयोग गर्न तथा लोकतन्त्र स्थापनाको आवाज उठाउन पनि यो गीत तयार पारिएको हो ।

**यो गीतमा कस्ता शब्द राख्नुभएको छ ?**

–तीन पक्षको संवाद समेटिएको यो तेहेरी गीतमा घरको होस् वा राजनैतिक होस्, वार्ताबाट नै कुनै पनि समस्याको समाधान हुन्छ भन्ने आशय व्यक्त गरिएको छ । देशको वर्तमान परिस्थितिसँग मेल खाने हिसाबले तयार पारिएको यो गीतमार्फत श्रोतालाई मनोरञ्जन तथा राष्ट्रलाई सन्देश दिने शैलीका शब्द चयन गरिएको छ ।

**संगीत क्षेत्रको यो पहिलो प्रयोगको कस्तो प्रतिक्रिया पाउनुभएको छ ?**

– अग्रज स्रष्टाहरूसँग सल्लाह गरेर काम थालेकाले प्रायः सबैले मन पराउनुभएको छ । खासगरी बालबालिकादेखि वृद्ध-वृद्धाले समेत यो गीत सुनिदिनुभएकोमा मलाई खुसी लागेको छ ।

– राष्ट्रिय जनसांस्कृतिक मञ्च नेपालले लोकतान्त्रिक भावनाअनुरूपको राष्ट्रिय गान सिर्जना गर्न सबैसँग आह्वान गरेको छ । मञ्चले आगामी असार १० गतेसम्म राष्ट्रिय गान उपलब्ध गराउन आह्वान गर्दै उत्कृष्टलाई नगद पुरस्कारको घोषणासमेत गरेको छ ।

– सर्वोच्च शिखर सगरमाथाको उचाइसँग ठ्याक्कै मेल खाने नाम राखेर स्थापना गरिएको सांगीतिक समूह 'एमटी ८८४८' ले आफ्नो पहिलो गीतिसंग्रह गत शुक्रबार सार्वजनिक गरेको छ । सन् १९९६ मा स्थापना भएको ग्यालेक्सियन क्बलका पाँच सदस्य मिलेर तयार पारिएको संग्रहको विमोचन ग्यालेक्सी स्कुलमा गरिएको थियो । समूहमा दर्शन राई गायन तथा गिटारमा छन् भने फरेन सुब्बा बास गिटार, विनोद लामा ड्रम, अमर सुब्बा रिदम गिटार तथा निर्मल गतौंला लिड गिटारमा छन् । आठवटा गीतको यो संग्रहको बिक्रीबाट आएको रकम गुणस्तरीय शिक्षाबाट वञ्चित बालबालिकाको अध्ययन-अध्यापनमा खर्च गरिने कुरा समूहले जनाएको छ ।

– नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको प्रतियोगितात्मक सांगीतिक कार्यक्रम 'तिम्रो सुर मेरो गीत' का विजेताहरूले आफ्ना उत्कृष्ट गीतहरू रेकर्ड गरेर एउटा गीतिसंग्रह नै तयार पारेका छन् । उक्त संग्रहका बारेमा जानकारी दिँदै गत आइतबार राजधानीमा एउटा अनौपचारिक कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा गीतिसंग्रहमा स्वर प्रदान गर्ने गायक-गायिकाहरू सहभागी थिए । संग्रहमा आधुनिक शैलीका गीतहरू समावेश भएको कार्यक्रमका निर्देशक हरि बस्नेतले बताए ।

– टाढा धेरै टाढा..., चाँदनीमा बग्छ खोला... जस्ता लोकप्रिय गीतका स्रष्टा गायक नागेन्द्र श्रेष्ठ करिब दुई दशकपछि पुनः श्रोतामाझ आएका छन् । गत शुक्रबार राजधानीमा विमोचन गरिएको गीतिसंग्रह 'आवाज' मा गायक श्रेष्ठले गायनका साथै संगीतसमेत दिएका छन् । वरिष्ठ संगीतकार अम्बर गुरुङद्वारा विमोचित उक्त संग्रहका सबै गीत रामकृष्ण बान्तवाले रचना गरेका हुन् । संग्रहमा नागेन्द्र श्रेष्ठका अतिरिक्त आभा मुकारुङ तथा विकल प्रधानको स्वर पनि सुन्न सकिन्छ ।

## अफबिट



सझना है मुझे सजनाके लिए... गायिका मौसमी गुरुङ

– गत शनिबार दिउँसो राजधानीको भृकुटीमण्डपको खुला चौरमा ऱ्याप संगीतका पारखीहरूको ठूलो जमघट थियो । ऱ्याप संगीत सिर्जनामा व्यस्त सांगीतिक समूहहरूको प्रतियोगिता 'ब्याटल अफ द ब्यान्ड्स' मा प्रस्तुत गरिने गीत-संगीत सुन्न उनीहरू त्यहाँ भेला भएका थिए । पेनेपालले आयोजना गरेको उक्त प्रतियोगितामा डा. सोल, प्रयत्न, गोथिका, आफ्टर डि सेन्चुरी, ट्र्यास, डम्ब सोसाइटी, प्रकाण्ड विम्ब, अब्सकियोर्ड, मोर्गाथ, द्रष्टा तथा एन्टि-क्रप्स गरी ११ वटा सांगीतिक समूहबीच प्रतिस्पर्धा चलेको थियो । सांगीतिक प्रतिस्पर्धाका बीचमा श्रोतामाझ लोकप्रिय गीत समूह रबिन एन्ड द न्यू रिभुलुसन, अभाया एन्ड द स्टिम इन्जन्स तथा क्रुएन्ट्सले आफ्ना लोकप्रिय गीतमार्फत श्रोताहरूको मन जितेका थिए । शनिबारको प्रतियोगितापछि विभिन्न सात समूह गोथिका, आफ्टर डि सेन्चुरी, प्रकाण्ड विम्ब, अब्सकियोर्ड, मोर्गथ, द्रष्टा तथा एन्टि-क्रप्स अघिल्लो चरणमा प्रवेश गरेका छन् । प्रतियोगिताको दोस्रो चरण आगामी महिना आयोजित हुनेछ ।

– सांगीतिक समूह नेपथ्य सांगीतिक कार्यक्रमका क्रममा अहिले फिनल्यान्डमा छ । कार्यक्रमकै क्रममा समूहका गायक अमृत गुरुङले फिनल्यान्डका राष्ट्रपति तार्जा हालोनेनले नेपथ्यका दुई कृति गीतिसंग्रह 'घटना' तथा वृत्तचित्र 'भेडाको ऊनजस्तो' प्रदान गरेका थिए । फिनल्यान्डमा आयोजित दुईदिने वर्ल्ड भिलेज फेस्टिवलमा सहभागी हुन नेपथ्य समूह त्यहाँ पुगेको हो ।

– बेलायतमा बसोबास गरिरहेका गायक विवेक श्रेष्ठले आफ्नो समूह कन्दराको चौथो संग्रहको विमोचन टेलिफोनमार्फत गर्ने भएका छन् । भोलि शनिबार पोखराको एक होटलमा आयोजना गरिने अनौपचारिक कार्यक्रममा गायक श्रेष्ठले बेलायतबाटै फोन सम्पर्क गरेर संग्रह विमोचन गरिएको घोषणा गर्नेछन् । कन्दरा समूहले छ वर्षपछि तयार पारेको गीतिसंग्रह 'वर्षौंपछि' को विमोचन समारोहमा राजधानीबाट गएका तथा पोखराकै स्थानीय सञ्चारकर्मी एवं कन्दरा समूहका संगीतकर्मीहरूको सहभागिता रहने सान्तना रेकर्ड्सका प्रबन्धक निर्मल होडा बताउँछन् ।

– क्यान्सर रोगका कारण गत जेठ १ गते यो संसारबाट बिदा भएका कलाकार होम खड्का अब एउटा म्युजिक भिडियोमा सीमित भएका छन् । गत शनिबार राजधानीमा प्रदर्शन गरिएको एउटा म्युजिक भिडियो कलाकार खड्काकै जीवनीमा आधारित मात्रै छैन, भिडियोमा उनको जीवनका पछिल्ला गतिविधिहरूसमेत समेटिएका छन् । राम भट्टराईको शब्द, श्याम महर्जनको संगीत तथा महेश भण्डारीको स्वरमा तयार पारिएको एउटा गीतमा कलाकार खड्कालाई चित्रण गरिएको हो ।

– पप गायक विजय लामा करिब साढे दुई महिना लामो सांगीतिक यात्रापछि अमेरिकाबाट स्वदेश फर्किएका छन् । युनाइटेड शेर्पा एसोशियसनले आयोजना गरेको कार्यक्रममा सहभागी हुन गायक लामासँगै हास्यकलाकार शाम्दे शेर्पा पनि त्यता गएका थिए । उनीहरूले अमेरिकाका विभिन्न सहरमा एक दर्जन कार्यक्रम प्रस्तुत गरेको बताइन्छ ।

–गायक प्रकाश ओझालाई जिल्ला अदालत सुनसरीले सफाइ दिएको छ । ओझामाथि यौन दुराचारको आरोप लगाइएको थियो । अदालतको फैसलापछि उनीमाथि लगाइएको आरोप खारेज भएको छ । ओझा हाल विराटनगर कारागारमा बन्दी जीवन बिताइरहेका छन् । गायक ओझालाई २०६१ फागुन २८ गते जिल्ला अदालत सुनसरीले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको थियो ।

-संगीतकार आलोकश्री कमलपित्तबाट पीडित भएका छन् । विगत केही सातादेखि उनी गोदावरीस्थित घरमा आराम गरिरहेका छन् ।

-गायक अनिल सिंह पछिल्लो पटक नेपाली चलचित्रमा नायक हुने हल्लाका कारण चर्चामा छन् । नायिका रेखा थापाले आफ्नो निर्माणमा बन्ने आगामी चलचित्रमा नायक निखिल उप्रेतीसँगै अर्को नायकका रूपमा अभिनय गर्न गायक सिंहलाई प्रस्ताव गरेकी थिइन् । म्युजिक भिडियोमा देखिनसमेत लजाउने गायक सिंह नायक हुने कि नहुने दोधारमा थिए । साथीभाइ तथा प्रशंसकहरूको सल्लाहमा अन्ततः उनले नायक नहुने निर्णय गरेका छन् ।

-गायक रामकृष्ण ढकाल बुबा बन्दैछन् । पछिल्लो समाचारअनुसार उनकी श्रीमती नीलम ढकाल गर्भवती भएकी छिन् । उनीहरूका चिकित्सकका अनुसार नीलमले आउँदो साउन महिनाको चौथो साता सन्तान जन्म दिनेछिन् । यसबीच रामकृष्ण आफ्नो किया जिप साटेर निसान स्पोर्टेज कार चढ्न थालेका छन् ।

## लाइभ शो

– पुतलीसडकस्थित नासल क्लब नृत्यका लागि चर्चित रेस्टुराँ हो । यो क्लबमा साँझ सात बजेपछि राति ११ बजेसम्म अत्याधुनिक नेपाली, हिन्दी तथा अंग्रेजी गीतमा महिला-पुरुष नृत्यांगनाहरूले आफ्नो कला प्रदर्शन गर्छन् । डान्सिङ रड तथा सावर डान्सको प्रस्तुति क्लबका आकर्षक पक्ष हुन् ।




Private
TEST / SLC 063
को लागि कक्षा ९ र १०
को पाठ्यवस्तु एक वर्षमै पढाइने कक्षामा
भर्ना खुल्यो
कक्षा ८ वा ९ पास गरी स्कूल जान नसकेका,
कक्षा ९, Test वा SLC फेल भई स्कूल छाडेका वा स्कूल
जाने उमेर नाघेका र जागिर गर्दै पढ्न चाहने विद्यार्थीहरूलाई
अध्ययन निरन्तर गर्ने सुनौलो अवसर
- अंग्रेजी र नेपाली दुवै भाषामा पढाईन्छ ।
- कक्षा समय: बिहान, बेलुका
- मनोवैज्ञानिक तरिकाबाट दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाहरूद्वारा पढाइने
- होस्टेल तथा यातायातको समेत सुविधा छ ।
STUDENTS OPEN SCHOOL
PHONE: 4415244

# अर्को ऐतिहासिक फैसला

जनआन्दोलनद्वारा पुनर्स्थापित प्रतिनिधिसभाले एउटा अर्को ऐतिहासिक फैसला गरेको छ । उक्त फैसलाअनुसार महिलाहरूमाथि भेदभाव हुँदै आएका सबै संवैधानिक तथा कानुनी व्यवस्था खारेज भएको छ । त्यसका साथै फैसलाले महिलाहरूलाई राज्यको संरचनामा समानुपातिक सहभागिता गराउने प्रस्ताव समेत गरेको छ । नेकपा एमालेकी सांसद विद्या भण्डारी प्रस्तावक तथा नेपाली कांग्रेसकी सांसद कमला पन्त प्रस्तावक रहेको सार्वजनिक महत्त्वको उक्त प्रस्तावलाई प्रतिनिधिसभाले मंगलबार सर्वसम्मतिबाट पारित गरेको हो । प्रतिनिधिसभाको यो ऐतिहासिक फैसलापछि सरकारले चाँडै नै महिलाहरूप्रति विभेद गर्ने सबै किसिमका संवैधानिक तथा कानुनी व्यवस्थाहरू हटाउन प्रस्ताव ल्याउने भएको छ । उक्त प्रस्तावमा महिला तथा पुरुषबीच विद्यमान कानुनी तथा समाजिक विभेदहरू अन्त गर्न चार महत्त्वपूर्ण बुँदा अघि सारिएको छ । जसमध्ये अब उपरान्त कुनै पनि सन्तानले आफ्ना बाबु वा आमा कसैको पनि नामबाट नेपालको नागरिकता प्राप्त गर्न सक्नेछन् । त्यसैगरी समानुपातिक सहभागिताको लक्ष्यसम्म पुग्न राज्यका सबै संरचनाहरूमा महिलाहरूको सहभागिता कम्तिमा एक तिहाइ हुनुपर्ने निश्चित गर्न कानुन तर्जुमा गरिनेछ । अहिलेको अवस्थामा राज्यका संरचनाहरूमा महिलाहरूको प्रतिनिधित्व ५ प्रतिशतको हाराहारीमा छ । त्यसैगरी प्रतिनिधिसभाले महिलाहरूमाथि भेदभाव गर्ने सबै कानुनी व्यवस्था खारेज गर्ने तथा महिलाप्रति हुने हिंसा अन्त्य गर्न पनि प्रस्ताव गरेको छ ।

प्रतिनिधिसभाको यो फैसला नेपाली समाजमा युगौंयुगदेखिको सामाजिक कुरीतिका कारण राष्ट्रको मूल प्रवाहमा पछाडि पारिएका महिलाहरूले पुरुष सरह अधिकार प्राप्त गर्ने बाटोमा सहयोगी हुने विश्वास सबै राजनैतिक दलले व्यक्त गरेका छन् । नेपाली महिलाहरूलाई कानुनी भेदभावको घेराबाट मुक्त गर्न यसअघि पनि प्रयासहरू नभएका होइनन् । यसअघि शेरबहादुर देउवाको नेतृत्वमा रहेको तत्कालीन सरकारले नेपालका कतिपय कानुनमा नारी र पुरुषबीच समानता कायम गर्ने बाटोमा अवरोध देखिएका कानुनहरू अध्ययन गर्न, संशोधन तथा पुनरावलोकन गर्न र संशोधन मस्यौदा तयार गर्न न्याय परिषद्का तत्कालीन सचिव काशीराज दाहालको अध्यक्षतामा ७ सदस्यीय महिला विरुद्ध भेदभावयुक्त कानुनको पुनरावलोकन गर्ने उच्च स्तरीय समिति बनाएको थियो । उक्त समितिले २०५९ कात्तिकमा तत्कालीन प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दलाई आफ्नो प्रतिवेदन बुझाएको थियो । त्यतिबेला महिलाहरूमाथि भेदभाव हुने प्रावधानहरू मुलुकी ऐनमा २८ वटा, २० वटा ऐनहरूमा २५ वटा र अन्य ३६ नियमहरूमा ८६ वटा रहेको निष्कर्ष समितिले निकालेको थियो ।

प्रतिनिधिसभाको अहिलेको फैसलापछि अब सरकारले सन्तानले आमा वा बाबु जसको नामबाट पनि नागरिकता लिन सक्ने कानुनको मस्यौदा एक साताभित्रै बनाउने भएको छ । यो अवस्थामा अब कुनै पनि नेपालीले बाबुको ठेगान नलागेको वा आमाले विदेशीसँग विवाह गरेको आधारमा नागरिकताबाट वञ्चित हुनुपर्नेछैन । त्यसबाहेक बाबु र आमाबीच वैवाहिक सम्बन्ध विच्छेद भई विचल्लीमा परेका छोराछोरीले आमा वा बाबु जसका नाममा पनि नागरिकता लिएर बाबु वा आमामध्ये कुनै एकलाई रोजेर बस्न सक्नेछन् । निश्चित रूपमा प्रतिनिधिसभाले गरेको यो फैसला न्यायोचित र स्वागतयोग्य छ ।

# सखी ! वह कुछ कहकर तो जाते !



डा. डी. पी. भण्डारीसँग

भगवान् बुद्धको जन्म भएको पच्चीस सय पचास वर्ष भैसक्यो । बुद्धपूर्णिमा केही दिनअघि मनाइयो । पूर्णिमाको दिन जन्म, गृहत्याग, निर्वाण प्राप्ति र महापरिनिर्वाण, ज्ञात इतिहासमा अरू कसैको पनि भएकै छैन । संयोग हो कि दैविक शक्तिको संकल्प, केही भन्न सकिँदैन । कथालाई विश्वास गर्न सक्यो भने परमात्मा संकल्पित घटना देखिन्छ । पौराणिक घटना भएको भए संसारका धेरै स्त्री-पुरुषहरू पत्याउन गाह्रो मान्थे : विश्वास र अविश्वासको सन्धिमा उभिएर अनिश्चयमा नै जीवनबाट बिदा हुन्थे । मान्छेहरू अरू आस्था र दृढतासित, अरू गहन आस्थासित पूजा गर्थे, तर बुद्ध ऐतिहासिक अवतार हुनुभएकाले विश्वासीहरू पूर्ण विश्वाससित उहाँबाट प्रभावित छन् । नास्तिकहरू पनि बुद्धको घोर विरोध गर्न सक्दैनन् : विशेषतः नेपाली वामहरू । सतही श्रद्धा देखाइदियो भने नास्तिक राजनीति-खेलाडीहरू पनि केही लाभको आशा गर्छन् । शास्त्रीय हिन्दू वर्गीकरणअनुसार बौद्ध, जैन, सांख्य आदि चार-पाँच आध्यात्मिक आस्था र अभ्यासहरूलाई नास्तिक वर्गमा राखिएको हुनाले आस्थाहीनहरू बुद्धलाई नास्तिक घोषणा गरेकोमा प्रसन्न हुन्छन् । त्यसपछि साम्यवादीहरू, समाजवादी प्रजातन्त्रप्रेमीहरू, तटस्थ बुद्धिवादी बौद्धिकहरू आ-आफ्नै सीमा, अहंकार र संकुचनअनुकूल व्याख्या र विवेचना प्रस्तुत गर्छन् । यी सबै तर्कजालपूर्ण विवाद र वकवाससित बुद्धको कुनै सरोकार हुँदैन । हामीहरू आ-आफ्नै बौद्धिक र भावनात्मक सीमाअनुसार बुद्धको समग्र बिइड, अस्तित्व र उहाँको देशनाको व्याख्या गर्न चाहन्छौं ।

हर्ड मेन्टलिटी, भीड मानसिकताको ठोस परिचय पाइन्छ जब तिनीहरू स्वविवेकलाई पन्छाएर उपयोगितावादी भाषा प्रयोग गर्छन्, कन्भिक्सन र कन्साइन्सलाई तिलाञ्जली दिएर आफ्नो निश्चित हेतु प्राप्त गर्नका निम्ति उद्यत् हुन्छन् । 'प्रेम र युद्धमा जे पनि ठीक हुन्छ' भन्नुको अर्थ हुन्छ, नर र नारी चरम तापमा आफैंलाई आफ्नो अहंकार र आफ्ना तुच्छता, संकीर्णताको सीमाबाट धेरै माथि चढिसकेका हुन्छन् : तिनीहरूको सारा अस्तित्व स्वस्थ आन्तरिक मादकतामा हुन्छ । योगको एक क्षणिक झलक– परमयोगीको योग । त्यस्तो स्थितिमा मृत्युवरण दुर्भाग्य नभएर सौभाग्य हुन्छ । तर संसारको संकीर्ण हिसाबकिताबमा चुर्लुम्म डुबेका व्यावहारिक, उपयोगिता खोजी बुद्धिमानहरूको क्षेत्रफल अक्सर स्वार्थ र तुच्छताले घेरिएको हुन्छ– राजनीति, व्यापार, नोकरी आदि सबै क्षेत्रमा । कथित अस्तिकभन्दा नास्तिकहरूको बुद्धत्व-विरोध कम कर्कश, कम अप्रिय देखिन्छ । म आफैं त्यति गहिरो, परम्परा प्रभावित आस्तिक होइन । कुनै राजनैतिक धारा-बज्रबद्ध नास्तिकहरूजस्तो नास्तिक पनि होइन । कुनै अदृश्य शक्तिमाथि आस्था राख्ने अस्तिक– करिब एग्नोस्टिक । कुनै एक रहस्यपूर्ण परम सत्य छ, शक्ति छ जो यो सम्पूर्ण ब्रह्माण्डलाई नियन्त्रित गरिरहेको छ । बुद्धहरू त्यसैमा विलिन भएका अवतारहरू हुन् । प्राणहीन परम्परा भन्छ– बुद्ध नास्तिक थिए । सत्य भन्छ- बुद्ध जतिका आस्तिक मानवहरू, अवतारहरू धेरै कम अवतरित भए होलान् । ज्ञानीहरूको जगत्-सञ्चालनमा कतिको इच्छा छ, हात छ– म अनिश्चित छु, अनिश्चित हुनुमा नै रहस्य र सौन्दर्य छ । तर तिनीहरूको मार्गमा पूर्णतः जान नसके पनि त्यो छवि र आलोकप्रतिको गुरुत्वाकर्षण हामीलाई रूपान्तरण गरिरहेको हुन्छ हामीलाई थाहा नदिइकन नै । भूमि उर्वर छ भने हामी भित्रभित्रै परिस्कृत हुँदै जान्छौं, छैन भने हामी सास फेरिरहन्छौं, खान्छौं, मलमूत्र विर्सजन गर्छौं, ठगठाग गर्छौं, चाकडी-चुगली गर्छौं, पदमा पुग्छौं, भ्रष्टाचार गर्छौं, रूप बदल्छौं– यही हो सामान्य लोकको सार । गीत र भाषणमा बुद्धको गुणगान गाउँछौं, बुद्धको आलोकका बारेमा केही ज्ञान नभएर नै ।

शीर्षक बिर्सिएछु, शीर्षकको आत्माविपरीत भड्किएछु । अप्रत्याशित याद आएको थियो भारतका राष्ट्रकवि मैथिलीशरण गुप्तको कविता 'यशोधरा'– त्यो जवानीका दिनहरूमा मलाई औधी मन पर्ने कविता । त्यो खण्डकाव्यको पहिलो पंक्ति नै हो– 'सखी ! वह कुछ कहकर तो जाते !' बुद्धले कसरी महल त्याग गर्नुभयो भन्ने तथ्य केही शिक्षितहरूलाई थाहा नै छ, तर त्यो अप्रत्याशित निर्णय र अप्रत्याशित प्रस्थानबाट कति हृदयहरू कुन तीव्रतासित चकित भए होलान्, कति विकलित भए होलान् अन्दाज गर्न पनि गाह्रो छ । यो पंक्तिमा यशोधराको व्यथा घनिभूत भएर आएको छ । केही नभनी, केही संकेत नगरी मध्यरातमा यशोधरा र दुई वर्षीय पुत्र राहुललाई त्यागेर जानु इतिहासकै एक अत्यन्त कारुणिक घटना हो । राष्ट्रकवि गुप्तले आफ्नो भावुक अभिव्यक्तिमा सिद्धार्थ गौतमलाई केही मात्रामा भए पनि दोषी मानेका छन् । किनकि काव्यको स्वभावअनुकूल सिद्धार्थको दोष त्यहाँ प्रकट हुनु आवश्यक थियो, तर आफ्नो हृदयको अन्तस्थलमा कविवर गुप्त बुद्धप्रति श्रद्धावान् छन्, नतमष्तक छन् । विषय अति नै काव्यात्मक भएकाले धेरै कविले सिद्धार्थको गृहत्यागमाथि कविता र नाटक लेखेका छन् । सामान्य कल्पनारिक्त लोकको दृष्टिमा सिद्धार्थले ठूलो अन्याय गरेको देखिन्छ, आफ्नो मौलिक जिम्मेवारी पूरा नगरेर नै जंगल गएको देखिन्छ, तर बुद्धको लक्ष्यको महानीयता बुझेपछि त्यो घटना बुद्धको कमजोरी निरंकुशता नभएर एक अत्यन्त बन्दनीय निर्णय हुन पुग्छ । मैथिलीशरण गुप्तको खण्डकाव्य यशोधरामा भावुकताको मात्रा धेरै बढी छ, पाठकहरू तुरुन्तै पढ्न रुचि लिन्छन्, साथै द्रवित पनि भैरहन्छन् । रवीन्द्रनाथको कवितामा अप्रत्यक्ष व्यङ्ग्य देखिए पनि रवीन्द्रनाथ भगवान् बुद्धप्रति नतमष्तक देखिन्छन् । पंक्तिहरूबीचको भाव हामीहरूले पढ्न सक्यौं भने रवीन्द्रको कविताको सारांश : 'म संसार त्यागेर मुक्तिको आकांक्षी छैन, संसारका बन्धन तथा आकर्षणहरूबीच नै म मुक्ति चाहन्छु ।' भन्न त भनिहाले रवीन्द्रनाथले, तर जीवनको अन्ततिर भने मैले धेरै आराधनासित गीत लेखें । गीत मात्र लेखेन, गीत गाउनका लागि साजसज्जा पनि तयार पारिरहेको थियो, राग मिल्नेबाला थियो आखिर तर मैले चाहेको गीत गाउनुभन्दा पहिले नै मेरो प्रस्थानको बेला आइसक्यो । रवीन्द्रको गीतको अर्थ हुन्छ बुद्धको निर्वाण कविरको मस्ति चैतन्य महाप्रभुको नृत्यभक्ति र मीराको भक्ति । त्यसैले म अपूर्ण नै जादैछु यो संसारबाट ।

आज बुद्ध सम्झनुको कारण हो बुद्धपूर्णिमा । बुद्धपूर्णिमाको प्रभाव र नेपाली यथार्थ तथा आदर्शबीचको विरोधाभास नेपालीहरूले बुद्धलाई मन पराउने मुख्य कारण हो– संसारले भगवान् बुद्धप्रति लिएको असामान्य रुचि र बुद्धमाथि असामान्य निष्ठा । अर्को कारण नेपाली भूगोलभित्र बुद्धमार्गी र बौद्ध धर्मका वास्तविक साधकहरूको घटलाग्दो संख्या । अर्को कारण हुन सक्छ बुद्धलाई हिन्दू मतान्तहरूले नास्तिकको श्रेणीमा राख्नु । सामान्य तर्कशीलदेखि जटिल बुद्धिजीवीसम्म लगभग सबै बुद्धको नास्तिकवाद नबुझे पनि नास्तिकतामा रमाइरहन चाहन्छन् । कुनै-कुनै मेरा वामपन्थी मित्रले मलाई वार्तालापको क्रममा सुनाएका छन् कि उनीहरू बुद्धदर्शन पढेपछि वामपन्थी विचारधारातिर लागेका हुन् । म केही विस्मृत भएँ, केही हर्षित भएँ, केही सशंकित ।

## नीति-नियम



यो संसारमा जन्म लिनेबित्तिकै कोही पनि ब्राह्मण, क्षत्री, वैश्य, वा शुद्र हुँदैनन्, व्यक्तिको काम र गुणले उसको भेद छुट्याउँछ । सम्पूर्ण जीवहरू ब्रह्मबाटै उत्पन्न भएकाले के ती सबै ब्राह्मण कहलाउन सक्लान् ? कुनै पनि वर्ण, जाति वा पिताबाट ब्रह्मतेज प्राप्त हुन सक्दैन । पूर्वजुनीमा आर्जित गरेको कामको फल पाउन मानिसमा त्यस्तै किसिमको बुद्धि पैदा हुन्छ र सोहीअनुसार उसले पाप वा पुण्यको कार्य गर्छ ।

-शुक्रनीति

अनुवाद : रामहरि बन्जारा

## चिठीपत्र



### सुखी जीवनका लागि

मानिस सुखका लागि दुःख गरिरहेको छ, तर सुखका लागि जतिसुकै परिश्रम गरे पनि उसले वास्तविक सुख प्राप्त गर्न सकेको छैन । कारण उसलाई सुखी हुने उपाय थाहा छैन वा थाहा पाएर पनि त्यसलाई सदुपयोग गर्न सकेको छैन । स्वस्थ र निरोगी मानिस पौरखी भएर बाँच्छ । उसलाई जीवन रमाइलो लाग्छ, तर रोगीलाई जीवन भार लाग्छ । रोगी मानिस ईश्वरसँग मृत्युको प्रार्थना गर्छ स्वस्थ मानिस दुई दिन भए पनि काम गरेर रमाउन चाहन्छ । मानिसलाई सम्पत्तिभन्दा पनि स्वस्थ शरीर चाहिने रहेछ । जतिसुकै सम्पत्ति होस् अस्वस्थ्य शरीर छ भने त्यस्ता मानिसले न त भनेको कुरा खान पाउँछन्, न त रमाइलो गरी कतै बिताउन नै सक्छन् । यो मानिसको जीवनको दुर्भाग्य हो । प्राकृतिक नियमको उल्लंघन, अनावश्यक विश्वास तथा असावधानीबाटै अधिकांश रोग निम्तिन्छन् । रोग पनि दुई किसिमका हुन्छन्- मानसिक रोग र शारीरिक रोग । यसलाई हटाउने उपाय प्राकृतिक जीवन बिताउनु नै हो ।

-रत्नबहादुर बस्नेत

### घर परिवारमा पुरुषको दायित्व

महिला तथा पुरुष जीवनरूपी रथका दुई पाङ्ग्रा हुन् । जसरी रथलाई अगाडि बढाउन रथका दुवै पाङ्ग्राको आवश्यकता हुन्छ, त्यसैगरी घरपरिवार राम्रोसँग चलाउन महिला र पुरुष समान रूपमा चल्नुपर्छ । प्रजनन स्वास्थ्यका दृष्टिकोणबाट महिलालाई प्रकृतिले नै आमा बन्ने वरदान दिएको छ भने महिलालाई पुरुषको तुलनामा पीडा पनि थपिदिएको छ । महिला र पुरुषको शारीरिक प्रक्रिया नै फरक भएकाले पुरुषले महिलाको जीवन पनि मैरै तरिकाले चल्छ भन्नु महिलाको शारीरिक संरचना नबुझ्नु हो ।

शारीरिक संरचना फरक भए पनि महिलाको मानसिक अवस्था पुरुषको भन्दा भिन्न हुँदैन । यदि फरक हुन्छ भने सामाजिक संरचना एवं पारिवारिक सोचका आधारमा मात्र फरक हुन्छ । यदि महिलालाई पनि पुरुषसरह अवसर दिने हो भने महिलाले पनि सामान्य अवस्थामा उत्तिकै काम गर्न सक्छन् । केही महिला रजस्वला हुँदा एक-दुई दिन सामान्य अस्वस्थ्य हुन सक्छन् । गर्भवती भएको पहिलो तीन महिना उल्टी हुने, खान नरुच्ने तथा प्रसुति गराउँदा एक महिना काम गर्न नसक्ने हुन्छन् । यी दिनमा पुरुषले महिलाको अवस्था बुझिदिनुपर्छ । बाँकी अवस्थामा महिलाहरू त्यति नै काम गर्न सक्छन् जति पुरुषहरू गर्न सक्छन् । यदि महिलाका यी सामान्य पीडा नबुझ्ने हो भने परिवारमा मात्र असर पर्दैन, आफ्ना सन्तानको पनि उचित हेरचाह हुन सक्दैन । विशेष अवस्थामा महिलाको हेरचाह नगर्ने हो भने उनीहरू जीवनभर रोगी हुने सम्भावना पनि हुन्छ ।

हाम्रो समाजमा अहिले पनि कुनै कुराको निर्णय गर्दा पुरुषहरूकै योजना र आदेश लागू हुन्छ । बिरामी हुँदा औषधी गर्नेदेखि लिएर कुन स्वास्थ्यचौकी जाने निर्णय पनि पुरुषहरूले नै गर्छन् । कहिलेकाहीं महिलासँग सामान्य सोधपुछसमेत गरिँदैन । यो उचित व्यवहार होइन । यदि सबै कुरामा पुरुषजत्तिकै उत्तरदायित्व निर्वाह गरिरहेका छन् भने महिलालाई महत्त्वपूर्ण फैसला गर्ने अधिकार पनि हुनुपर्छ ।

-मैयाँदेवी भुजेल

### समाजमा नारीको स्थान

गृहिणीसँग 'के गर्दै हुनुहुन्छ ?' भन्ने प्रश्न सोध्यो भने उनी भन्छिन्, 'भर्खरै धन्दा सकियो वा खाना बनाउँदै छु ।' यदि कुनै महिला व्यवसायी, शिक्षिका अथवा कर्मचारी छिन् भने पनि घरमा बसिरहेको अवस्थामा उनलाई त्यही प्रश्न सोध्ने हो भने उनको जवाफ भिन्न आउँदैन । सम्भवतः उनी भन्नेछिन्, 'भर्खरै धन्दा सकियो । केटाकेटीको लुगा धुँदैछु ।' तर यही प्रश्न लोग्नेमानिसलाई सोध्ने हो भने कि त उसले टेलिभिजन हेरिरहेको हुन्छ कि त पुस्तक पढिरहेको बताउन सक्छ । सहरमा त यस्तो अवस्था छ भने गाउँघरमा उनीहरूको अवस्थाको मूल्यांकन सजिलै गर्न सकिन्छ ।

-विष्णुकुमार श्रेष्ठ

## तीतो सत्य

-अतिको लक्षण नै खति हो ।

**नवराज**

-जीवन निकै कष्टदायक परीक्षा हो जसमा कोही सफल त कोही असफल हुन्छन् ।

-जीवन छोटो छ त्यसमा पनि खुसी अझ छोटो छ ।

**सीता पौडेल, बुटवल**

-हाँसोमा सबैसँग हाँस्नुपर्छ त रोदनमा एक्लै रुनुपर्छ ।

-सुख सबैसँग बाँडिन्छ त दुःख एक्लै बेहोर्नुपर्छ ।

-प्रेम आगो हो, कहिले यसले जाडो भगाउँछ त कहिले घर पनि जलाउँछ ।

**सुवीन्द्र पुनमगर, रुकुम**

-पवित्र माया गाँस्नेलाई मात्र मायाको अर्थ थाहा हुन्छ ।

-काँचा चीजहरू हानिकार नै हुन्छन् ।

-जीवन आफैं सुन्दर छैन तर यसलाई सुन्दर बनाउन सकिन्छ ।

**दर्शन दिनेश, मन्थली, रामेछाप**

*तीतो सत्य स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन पाठकहरूसँग हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

# फैलिंदै छ सूचना प्रविधि अपराध



इन्टरनेटको सूचना सञ्जालबाट मानिसले अनगिन्ती लाभ उठाउने त छँदैछ, तर यसको माध्यमबाट डरलाग्दा र जटिल खालका अपराधहरू बढ्दै गएबाट सूचना प्रविधिको क्षेत्रमा काम गर्ने विशेषज्ञ तथा संस्थाहरू चिन्तित हुन थालेका छन् ।

यस क्षेत्रमा भएका नयाँ-नयाँ अनुसन्धान, लगानी र असंख्य जनशक्तिको संलग्नताले धेरै अवसरहरू सिर्जना भएका छन्, तर यति ठूलो लाभ र अवसरको क्षेत्रलाई कम्प्युटर सफ्टवेयरको माध्यमबाट हुने अपराधले नयाँ खालको चुनौती र बाधाहरू पनि तेर्स्याएका छन् । खासगरेर सूचना प्रविधिलाई गलत रूपमा प्रयोग गरी चाँडै धनी हुने र अर्काको गतिविधि तथा सूचना चोर्ने र बदलाको भावनाले चोट पुर्‍याउनेहरू यस क्षेत्रमा अपराधीका रूपमा प्रस्तुत हुन थालेका छन् ।

अहिले सूचना प्रविधिलाई माध्यम बनाएर बैंक ठगी गर्ने, क्रेडिट कार्डहरूको फर्जी प्रयोग गर्ने, अर्काको गोप्य कुराहरू चोर्ने, टाढा-टाढा रहेका अपराधीहरूसँग सम्पर्क कायम गर्ने र सांगठनिक सञ्जाल तयार गर्ने, अपराधका विभिन्न योजनाहरू तयार गर्ने र सन्देश प्रवाह गर्ने, खतरनाक कम्प्युटर भाइरस बनाएर इन्टरनेटमा पठाउने, कम्प्युटर तथा इन्टरनेट प्रणाली ध्वस्त गर्ने लगायतका अपराधले कम्प्युटर विशेषज्ञहरूलाई चिन्तित बनाएको छ, साधारण रूपमा कम्प्युटरमा अफिसको काम गर्ने र साइबर क्याफे एवं घरको कोठामा सानातिना काम गर्नेलाई पनि फाइल मेटाइदिने, पास वर्ड चोर्ने, भाइरस पठाएर कम्प्युटर बेकामे बनाइदिने समस्याले पिरोलेको छ ।

कम्प्युटर र इन्टरनेट यस्तो द्रुत, तात्कालिक एवं चलाक माध्यम हो जसबाट गरिएको अपराधको प्रमाण सजिलै मेटाउन सकिन्छ र कानुनी कारबाहीबाट बच्न सकिन्छ । इन्टरनेट सञ्जालमार्फत् जब कुनै घटना हुन्छ, सुरक्षा निकायले सबभन्दा पहिले त्यो इन्टरनेट साइटको ठेगाना पत्ता लगाउन खोज्छ । त्यति बेलासम्म यो अपराधबारे सही कुरा पत्ता लगाउन निकै असम्भव हुन जान्छ । ठगी, फौजदारी अपराध वा गलत जानकारी एवं सूचना प्रवाह गर्ने उद्देश्यले गरिएको डोमेन दर्ता पनि नक्कली नै हुन्छ ।

केही समयअघि अमेरिकी सरकारको तर्फबाट गरिएको एक सर्वेक्षण प्रतिवेदनअनुसार विश्वभर २३ लाख डोमेन गलत नाममा दर्ता गरिएका छन् भने त्यसमा १६ लाख डोमेनका ठेगाना प्रस्ट छैनन् । कतिपय डोमेन त अरूको नाम र ठेगानामा समेत दर्ता भएको पाइएको छ । उक्त सर्वेक्षणअनुसार ८ दशमलव ६ प्रतिशत डोमेन मात्र आधिकारिक र सही छन् । प्रायशः यस्ता डोमेन नेमबाटै ठगी, क्रेडिट कार्डको गलत प्रयोग, आतंकवाद वा अन्य आपराधिक गतिविधिहरू सुरक्षित रूपमा गरिएको पाइन्छ । यस्ता साइटबाट भाइरस, स्पाम र स्पाइवेयर भाइरस पठाउनु त सामान्य नै भैइसकेको छ ।

यस्तै इमेलमार्फत् विभिन्न आकर्षण बोकेर हजारौं प्रयोगकर्ताकहाँ भाइरस पठाउने र युजरले इमेल खोल्नेबित्तिकै कम्प्युटरमा सर्ने, भाइरस क्लिन गर्न भाइरस पठाउने अपराधीले पैसा पठाउन भन्नेलगायत भाइरसको प्रयोग, विभिन्न अवसर र ठूलो रकमको प्रलोभन देखाएर हुने बैंक डकैती, गलत प्रचारबाजीको क्रम विश्वभर फैलिएको छ ।

अमेरिका, युरोप, सिङगापुर लगायतका देशहरूमा साइबर अपराध गर्नेहरूमाथि कानुनी कारबाही पनि बेलाबेलामा भइरहेका सामाचार सार्वजनिक हुन्छ । ती मुलुकहरूको कानुनी प्रावधान तथा उच्च प्राविधिक क्षमताका कारण अपराधीहरू उम्किन त पाएका छैनन् तर पनि यो साइबर अपराध सबैका लागि टाउको दुखाइको विषय बन्न पुगेको छ । नेपालमा यस क्षेत्रमा खासै ठूलो अपराध भएको देखिएन । भाइरस पठाउने, इन्टरनेट पास वर्ड चोर्ने, कम्प्युटर ह्याकिङ गर्ने, कम्प्युटरबाट सरकारी छाप, दस्तखत, प्रमाणपत्र आदि कीर्ते गर्ने, विभिन्न बौद्धिक सिर्जनाहरूको अवैध चोरी गर्ने लगायतका अपराधहरू भैइरहेको पाइए पनि अत्यन्तै गम्भीर, फौजदारी असर गर्ने खालको अपराध भएको पाइँदैन, तर कम्प्युटर वा इन्टरनेटसम्बन्धी अपराध भैहालेमा कानुनी नियन्त्रण र कारबाही गर्न सकिने व्यवस्था नेपालमा दुई वर्षअघि नै तयार गरिसकिएको छ । साइबर अपराध गरेको पाइएमा विद्युतीय कारोबार ऐनअन्तर्गत कम्प्युटरसम्बन्धी कसुर गर्नेलाई कारबाही हुने व्यवस्था रहेको छ, तर सम्बन्धित क्षेत्रका विशेषज्ञहरू भने कम्प्युटर वा साइबर जोखिम वा अपराधहरूबाट बच्न सफ्टवेयर सुरक्षाप्रति सजग रहनु नै उपयुक्त हुन्छ ।

**–भोला**

## जिज्ञासा

•सुदन झा, कम्प्युटर कन्सल्टेन्ट

**प्रश्न : मोबाइल डिभाइस तथा पिडिएका सूचना तथा डाटा एउटै हुन्छन् ? यसका बारेमा केही बताइदिनुहुन्छ कि ?**

**रमेश न्यौपाने, इमेलबाट**

**उत्तर :** सूचना तथा डाटा राख्ने एउटा अलग्गै प्रविधि हुन्छ जसलाई डिजिटल प्रविधि भनिन्छ । यो नितान्त व्यक्तिगत अथवा सार्वजनिक पनि हुन सक्छ । कुनै पनि व्यक्तिले आफनो ग्याजेटमा आफूसँगै असंख्य सूचना राख्न सक्छ । यस्ता डाटा तथा सूचना ई-मेल, तस्बिर, संगीत र अरू थुप्रै चीज संग्रह तथा आदान-प्रदान गर्नका लागि मोबाइल, एमपीथ्री प्लेयर, अर्गनाइजर र क्यामेरा आदिले स्रोतको काम गर्छन् । मोबाइल फोन, अर्गनाइजर र हल्का आइपड जस्ता उपकरणहरूमा डाटा सञ्चय गर्ने सामर्थ्य ६ सयदेखि १ जीबीसम्म हुन्छ । पकेटमा अट्ने यस्ता डिभाइसका डाटालाई कागजमा उतार्ने हो भने एउटा ट्र भरिन्छ ।

तर डाटा सञ्चयमा मोबाइल फोन सबैभन्दा बढी प्रयोग भएको देखिन्छ । टेक्स्ट म्यासेज, तस्बिरहरूलाई धेरैले मोबाइलमा संग्रह गरेको देखिन्छ । त्यस्तै २ हजारसम्म म्युजिक फाइल राख्न मिल्ने एमपीथ्री प्लेयर, ५ जीबी मोबाइल डिभाइसहरूले कम्प्युटरमा मात्र भर पर्नुपर्ने बाध्यताबाट मुक्त गरेको छ । मोबाइल डिभाइसलाई सुरक्षात्मक र गोप्य शीघ्र सम्पर्क, कुनै पनि कुराको जानकारी बटुल्ने र रेकर्ड गर्ने सरल उपाय मानिन्छ । यसलाई संगीत र सूचनालाई व्यक्तिगत रोजाइअनुसार संग्रह गर्न सकिने साधनका रूपमा समेत लिन थालिएको छ । त्यस्तै थ्रिजी मोबाइल प्रविधिमा भएको विकासले डिजिटल स्टोरेजमा परिवर्तन ल्याएको छ । यसले उच्च गतिको डाटा क्षमता (२ एमबी) र पूरै मोसन भिडियोका एप्लिकेसनहरू, पूर्ण इन्टरनेट सुविधाले गर्दा सूचना प्रयोग जहाँबाट पनि गर्न सकिने भएको छ ।

विभिन्न वायरलेस प्रविधिलाई सपोर्ट गर्ने पर्सनल डिजिटल एसिस्टेन्ट (पीडीए) प्रविधिले फोन, इमेल, अर्गनाइजर, म्यासेजिङ, वेब, एमपीथ्री प्लेयर र क्यामरा, भिडियो आदि महत्त्वपूर्ण विशेषतालाई एकै ठाउँमा समेट्छ ।

## कम्प्युटरमार्फत यौन साटासाट

क्यानाडामा गरिएको एक सर्वेक्षणले त्यहाँका युवायुवतीहरू कम्प्युटरको माध्यमबाट यौनक्रियामा लिप्त रहने गरेको देखाएको छ । क्यानाडाका १ सय ५० कलेज र विश्वविद्यालयका २ हजार ४ सय ८४ जना विद्यार्थीमाथि गरिएको उक्त सर्वेक्षण प्रतिवेदनअनुसार करिब ८७ प्रतिशतले कम्प्युटरबाट बेभक्याम वा टेलिफोनमार्फत तत्काल प्रत्यक्ष च्याट गरी आफ्नो यौन तीर्खा मेट्ने गरेका छन् । उक्त सर्वेक्षणमा भाग लिने १८ देखि २३ वर्ष उमेरका ५१ प्रतिशत महिला र ४९ प्रतिशत पुरुष छन् । तीमध्ये ५३ प्रतिशतले च्याटरुममा टाइप गरेर र ४४ प्रतिशतले वेभक्याममा वा भ्वाइसच्याटमार्फत यौन तृष्णा मेट्ने गरेका छन् ।

## एओएल र याहुले शुल्क लिने

सुरक्षित इमेल सेवा दिनका लागि एओएल र याहुले हरेक सन्देशमा बढीमा एक सेन्ट शुल्क लाग्ने प्रणाली सञ्चालन गर्ने भएका छन् । यो प्रणाली अनिवार्य हुनेछैन र स्याम फिल्टरबाट आफ्नो सन्देश प्रवाहित नगराएर सन्देशलाई वैध बनाई गन्तव्यमा पुग्न प्रत्याभूति चाहने संगठन वा व्यक्तिले यो विशेष सेवा उपयोग गर्न सक्नेछन् । धेरै मेल पठाउने र आफूले पठाएको सबै मेल गन्तव्यमा पुगोस् भन्ने चाहना राख्ने संगठन वा व्यक्तिले न्यून शुल्कमा नयाँ सेवा प्राप्त गर्न सक्नेछन्, यसबाट एओएल र याहुलाई मनग्गे आम्दानी हुनेछ । वैध मानिएका संगठनबाट आएको भनी झुक्याउने मेलबाट समेत नयाँ सेवाले सुरक्षा दिने बताइएको छ । एओएल र याहुले हरेक मेललाई सुरक्षित रूपमा गन्तव्यमा पुर्‍याउन शुल्क लिनेछन् । शुल्क लिएपछि मेललाई स्याम फिल्टरबाट प्रवाहित गराइने छैन । अनावश्यक तस्बिर र वेभलिङ्कलाई स्यामले रोक्ने काम गर्छ । त्यस प्रकारका तस्बिर र वेभलिङ्कलाई खोलिएमा स्याम गर्नेले त्यो इमेल सक्रिय रहेको खबर प्राप्त गर्छ । एओएल र याहुले स्याम फिल्टरबाट नपठाएका मेलमा वैध भएको छाप पनि हुनेछ । यो सेवा सञ्चालन गर्न ती दुवै कम्पनीले गुड मेल सिस्टमसँग सम्झौता गरेका छन् ।

## साप्ताहिक डट कम

### hotnepal.com

नेपाली गीत-संगीत, चलचित्र, मोडलिङ तथा खेलक्षेत्रलाई समेटी www.hotnepal.com नामक नयाँ नेपाली वेबसाइट सञ्चालन गरिएको छ । अस्ट्रेलियावासी नेपालीलाई ध्यानमा राखी त्यहींबाट तयार पारिएको सो वेबसाइटले नेपाली गीत-संगीत अन्तर्राष्ट्रिय बजारमा अनधिकृत रूपमा बिक्री-वितरण भैरहेको बेला म्युजिक कम्पनी तथा संगीतकर्मीसँग अधिकार प्राप्त गरी नेपाली गीत-संगीतको व्यवस्थित बजारको निर्माण गर्ने बताइन्छ । उक्त वेबसाइटले प्रत्येक साता १० हजार नेपाली गीत अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्ने लक्ष्य राखेको छ, जसका लागि संसारभरि छरिएका नेपाली संगीतप्रेमीले आफ्नो क्रेडिटकार्डमार्फत गीतहरू आफ्नो कम्प्युटरमा डाउनलोड गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

## इन्टरनेटमाथिको हमला बढ्दो

सन् २००५ को प्रारम्भतिर देखापरेका ५० नयाँ हानिकारक कोडमध्ये ७४ प्रतिशत अत्यन्त गोप्य सूचनालाई खोतलेर बाहिर ल्याउन सक्ने खालका थिए । जसमा सन् २००४ को पछिल्लो ६ महिनाको प्रतिवेदनमा उल्लेख गरिएको ५४ प्रतिशतबाट थप २० प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी सन् २००५ मा लगभग १ सय ४० प्रतिशतभन्दा बढी कम्प्युटर साइबर हमलाबाट ग्रसित भएको पनि पुष्टि भएको छ ।

यस्ता हमलाहरूमा चिनेजानेका व्यक्तिको नामबाट वा साँच्चिकै स्थापित इन्टरप्राइजेजको तर्फबाट छल गरेर युजरलाई मेल पठाउने तथा त्यसपछि युजरबाट गोप्य जानकारीहरू संकलन गरिन्छ । यसबाटै पछि युजरको परिचय चोरी हुन्छ र अन्य स्पाम मेल पठाउनसमेत युजरको मेलिङ एड्रेस प्रयोग गरिन्छ । यस्ता मेलहरू पनि करिब २ सय प्रतिशतले बढेको अनुमान छ । सिम्यान्टेकको ब्राइटमेल एन्टिस्पाम तथा नक्कली सन्देशविरुद्धको फिल्टरले एक सातामा ५ करोड फिसिङ प्रयासलाई छानिरहेको दाबी गरेको छ । यसै वर्षको प्रारम्भतिर प्रतिसाता २ करोड १० लाख फिसिङ प्रयासहरू देखा परेका थिए । गएको वर्षको पहिलो ६ महिनामा धेरैजसो शिक्षा, साना व्यवसाय र वित्तीय सेवाजस्ता क्षेत्रहरूलाई बढी निसाना बनाएर आक्रमण गरिएको थियो । यस्ता आक्रमणहरूमा अघिल्लो वर्षभन्दा ६ सय ८० प्रतिशतले वृद्धि भएको छ ।

सिम्यान्टेकले सम्पूर्ण ई-मेल ट्राफिकको ६१ प्रतिशत स्पाम मेलले ढाकेको र संसारभर प्राप्त हुने ५१ प्रतिशत स्पामहरू अमेरिकामा बनेको तथ्य सार्वजनिक गरेको छ, अर्थात् इन्टरनेट दिनप्रतिदिन असुरक्षित हुँदै आएको छ ।


भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
प्राईभेट TEST/SLC 2063 का लागि
Sorakhutte
Sandra Open School
4-361712 Branch.Bharatpur 056 525918
Kalanki
KEF (कौफ)
016209937
Koteshwor
Harvard Int'l Academy
2050153

प्राईभेट SLC टेष्ट २०६३
१००% ग्यारेन्टीका साथ निःशुल्क भर्ना
✦ SLC, Test वा कक्षा ९ मा फेल भएर निराश भएका र कक्षा ८ वा ९ पास गरी स्कूल जान नसकेका साथै स्कूल जाने उमेर नाघेका र जागिर गर्दै पढ्न चाहनेहरुका लागि
✦ माध्यमः नेपाली/अंग्रेजी दुवै ✦ कक्षा समयः बिहान, दिउसो र बेलुकी ✦ दक्ष एवं अनुभवी शिक्षक/शिक्षिकाद्वारा पढाइन्छ र कमजोरका लागि विशेष व्यवस्था छ ।✦साथै होस्टेलको राम्रो व्यवस्था छ ।
✦ गत वर्ष ३ जना First Division सहित शतप्रतिशत पास ।

Prabesh Rai (68%)

Suren Shrestha (66%)
फोटो उपलब्ध नभएको
Sangita Khadka (63%)
तपाई पनि आजै भर्ना भई ढुक्क हुनुहोस् ।
सम्पर्क: SAMJHANA ACADEMY
अद्वैत मार्ग, महेन्द्र पुलिस क्लब ठीक पछाडी
फोन: ०१-४२४६३९७

प्राइभेट
Test/S.L.C. 2063
पाइथागोरस एकेडेमी

ROOP-अमृत
आस्था हेल्थ केयर

उद्घोषण
प्रतिबद्धता हाम्रो रोजाइ तपाईंको
AXIS MEDIA

आवश्यकता
"Meet the Dream"
Mega Max International

# कलिउड चर्चा

## निखिलको विकल्प



छायाङ्कनका लागि समय दिन नसक्दा मुद्दा हाल्ने निर्माताहरूको लाम देखिएपछि निखिल उप्रेती फेरि चर्चामा छन् । निखिलका बारेमा चलचित्र नगरीमा कुरा काट्नेहरू भन्दैछन्- 'निखिलले त अब आफैंले बनाउने चलचित्रमा पनि डेट दिन सक्दैनन् होला ।' सायद त्यसैले निर्माताहरूले अर्का एक नायकलाई निखिलको विकल्पका रूपमा लिएका छन् । जसलाई निखिलले 'डेट' दिँदैनन्, उसले तुरुन्त निखिलको साटो ती नायकलाई लिन थालेका छन् । झट्ट हेर्दा निखिलझैं लाग्ने ती नायक हुन्– विराज भट्ट । विराजका बारेमा भनिन्छ– अहिले उनको पुर्पुरो बलियो भएको छ । त्यसो त विराज निखिलले झैं एक्सन पनि जमेरै गर्छन् । उनको अभिनयमा पनि खोट लगाउने ठाउँ छैन । अहिले व्यस्तताको मामिलामा दिलीप रायमाझी, सुशील क्षेत्री, राजेश हमालहरूभन्दा विराज एक कदम अगाडि छन्, तर पनि उनी निखिलभन्दा एक कदम पछाडि नै छन् । निखिल पनि भन्छन्- 'मेरो एक्सन हेर्दा-हेर्दा दर्शकहरूलाई पनि वाक्क लाग्न सक्छ, विराज आएकोमा म खुसी नै छु ।' हेरौं, विराज पनि कति दिनको घाम हुन् ?

## बलिउडको हावा



बलिउडमा नायक आमिर खान आफैं चलचित्र बनाउँछन् । शाहरूख खान पनि निर्माता भएको धेरै भैसकेको छ । सलमान खान पनि भाइ सोहेल खानसँग चलचित्रमा लगानी गर्छन् । यी तीनै जना बलिउडका सबैभन्दा व्यस्त एवं चर्चित नायक हुन् । नेपाली चलचित्रकर्मीहरूलाई बलिउडको हावाले सबैभन्दा छिटो छुन्छ । भुवन केसी नायक भएर पनि निर्माताका रूपमा पनि कहलिए । शिव श्रेष्ठले 'चिनो'मा सहलगानी गरेपछि एकल निर्माता भएर चलचित्र बनाउने हल्ला गरेको वर्षौं भैसकेको छ । चलचित्रमा लगानी गरेर पनि यहाँ धेरै नायक भएका छन् । तर नायक भएर चर्चा पाइसकेपछि निर्माताका रूपमा पनि सफलता पाएका भुवन केसीको पथ पहिल्याउन पछिल्लो पुस्ताका केही नायक तम्तयार भएका छन्, तर उनीहरू भुवन केसीभन्दा पनि आमिर, शाहरूख वा सलमान नै बन्न रुचाउँछन् । आमिर आफ्ना हरेक चलचित्रमा फरक कथा रोज्छन् । निखिल उप्रेतीले पनि आफ्नो लगानीमा बनेको चलचित्र 'सावधान'मा फरक कथा रोजे । चलचित्रमा उनको गेटअप पनि फरक थियो । नायक दिलीप रायमाझी पनि कहिले निरुता सिंह त कहिले उत्तम प्रधानसँग चलचित्र बनाउने कुरा गर्थे । अब उनी निखिलको अगामी चलचित्र 'ब्रेक फेल'मा लगानी गर्दैछन् । चलचित्रको निर्देशन सञ्चारकर्मी सुरेश पोखरेलले गर्ने भएका छन् । निखिल एक्लै अर्को चलचित्र पनि बनाउँदैछन् । चर्चित म्युजिक भिडियो निर्देशक सिमोस सुनुवारको निर्देशनमा बन्ने उक्त चलचित्रको शीर्षक पहिले 'पैसा-एक मिसन' राखिए पनि उक्त शीर्षक परिवर्तन हुँदैछ ।

## तीन नायिका एक नायक

अहिले कलिउडमा रमित ढुंगानाको माग बढेको छ । उनलाई यहाँ निर्माण हुने प्रायः चलचित्रमा नायक बनाउने होड चलेको देखिन्छ । एक हात लामो कपाल पालेका, अग्ला एवं हँसिला रमितलाई रोमान्टिक भूमिका मात्र सुहाउँछ भन्नेहरू अहिले उनलाई जस्तोसुकै भुमिकामा पनि रोज्न थालेका छन् । कलिउडमा दुई जना निर्माता छन्– पीडित र दुःखी । उपनाम पीडित राख्ने शक्ति पण्डित र दुःखी राख्ने सुवास काफ्लेले संयुक्त रूपमा रमितलाई पीडित र दुःखी बनाउँदै छन् । एकातिर रमित व्यस्त भएका छन् भने निर्माताहरू उनलाई एक जना वा दुई जना होइन, तीन जना नायिकाको बीच चलचित्र 'गंगा जमुना सरस्वती'मा एक्लो नायक बनाएर उभ्याउँदै छन् । रमितले



आफ्नो व्यस्ततामा एक जना नायिका सम्हाल्न त भ्याउँदैनन् भने तीन जना नायिकालाई कसरी सम्हाल्छन् होला ? 'उनको भूमिका नै त्यस्तै छ । तीनै जना नायिका लडाकु हुन्छन् । उनीहरूको लक्ष्य प्राप्तिका लागि रमितले उनीहरूलाई गाइडका रूपमा मद्दत गर्छन् । नायक र नायिका भएपछि चलचित्रमा प्रेमका दृश्यहरू त अवश्य पनि हुन्छन्,' - निर्माताहरूले बताए । ती तीन जना नायिकाको चयन भने भैसकेको छैन ।

# लभगुरु रेखा




**म २५ वर्षीया युवती हुँ । म काठमाडौँमा बसेर एउटा निजी कार्यालयमा काम गर्छु । मेरो बुबाआमा गाउँमै हुनुहुन्छ । म एउटा विवाहित तथा दुई सन्तानका पिताको प्रेममा परेकी छु । वास्तवमा हामीले कसैलाई थाहा नदिई गोप्य विवाह गरिसकेका छौं । उहाँले मलाई एउटा डेरामा राख्नुभएको छ तर आफ्नो घर लानुहुन्न । बेला आएपछि लान्छु मात्र भन्नुहुन्छ । उहाँ कहिलेकाहीँ मात्र मकहाँ आउनुहुन्छ त्यसपछि म एक्लै हुन्छु । यो कुरा मेरो र उहाँको घरलाई थाहा पनि छैन । म आफ्नो भविष्यप्रति चिन्तित छु । म यो सम्बन्धमा न जिउन सकेकी छु न मर्न नै, म के गरूँ ?**

– ब.स.

तपाईंले थाहा पाएरै विवाहित तथा दुई सन्तानका पितासँग विवाह गरेको बुझिन्छ, जुन गैरकानुनी पनि छ । तपाईंले यस्तो सम्बन्धलाई अघि बढाउनु वा विवाहजस्तो निर्णय गर्नुअघि विचार पुऱ्याउनुपर्थ्यो । तपाईंले जतिसक्दो छिटो यस्तो अवैध सम्बन्ध तोड्नु नै राम्रो हुन्छ । उसले तपाईंलाई वैधानिकता नदिएको तथा अर्की श्रीमतीसँग पनि पारपाचुके नगरेको एवं बेलाबेलामा मात्र तपाईंलाई भेट्न आएको कुराले तपाईंको शारीरिक शोषण मात्र भएको कुरा प्रस्ट हुन्छ । यो प्रेम हुँदै होइन, उसले आफ्नो स्वार्थका लागि तपाईंलाई प्रयोग गरिरहेछ र तपाईं प्रेमका नाममा उसको सिकार बन्नुभएको छ । यो सम्बन्धबाट बाहिर निस्केर खुला समाजमा आउने प्रयास गर्नुहोस्, त्यसमै तपाईंको भविष्य छ ।












## केवल एक प्रश्न

### तपाईंलाई के कुरासँग किन एलर्जी हुन्छ ?

आबुई... झुसिल्कीरासँग । नाम पनि लिन डर लाग्छ । कतै झुसिल्कीरा देखियो कि त्यत्तिकै आँखा रसाएर आउँछ अनि शरीरभरि डाबर आउन थाल्छ । सानैदेखि मलाई झुसिल्कीरासँग एलर्जी छ । त्यसबाहेक मलाई अकारण चित्त दुखाउनेहरूसँग पनि एलर्जी छ ।

**– संज्ञा सिंह (भिडियो जक्की)**

मलाई पैसा र रक्सीसँग एलर्जी हुन थालेको छ । पैसा जति भए पनि पुग्दैन । रक्सी जति खाए पनि पुग्दैन । फेरि रक्सी पहिले आफूले खाइन्छ, पछि त्यसले आफूलाई खान थाल्छ । त्यसैले यी दुई कुरासँग मलाई एलर्जी छ । अरू कुनै पनि कुराले मलाई एलर्जी गर्ने हिम्मत त गरोस् ।

**– राजेन्द्र खड्गी (द्वन्द्व निर्देशक)**

भन्ने नै हो भने मलाई काठमाडौंको पानीसँग एलर्जी हुन्छ । खाँदा पनि पेट खराब हुने हो कि भन्ने डर, नुहाउँदा पनि जीउ चिलाउँछ ।

**– बाबुराम ढकाल (टेली निर्देशक)**

त्यस्तो कुनै वस्तुसँग भन्दा पनि मलाई कुरा काट्नेहरूसँग एलर्जी छ । अनाहकमा अर्काको कुरा नकाटी खाएकै नपच्नेहरूसँग मलाई निकै एलर्जी हुन्छ ।

**– रेजिना उप्रेती (चलचित्र नायिका)**



ओहो, धूलोसँग । हालै घरको स्टोर सफा गर्नुपर्‍यो भनेर छिरेकी थिएँ, त्यहाँ धूलो उडेपछि लगातार हाछ्यूँ आएर कस्तो गाह्रो भयो । पहिले स्कुल पढ्दा सरले ब्ल्याक बोर्डमा चकले लेख्दा आउने आवाजबाट मेरो दाँतै सिरिङ्ग भएर एलर्जी हुन्थ्यो ।

**– निशा अधिकारी (मोडल/भिजे)**

## नजिकबाट — दीपक लिम्बू

घरमा बोलाइने नाम : दीपक
जन्म मिति : २०४० भदौ १७
जन्म स्थान : प्रकाशपुर, सुनसरी
गायनबाहेकको पेसा : गायन मात्र हो
पहिलो रेकर्ड गरिएको गीत : एकादेशको मेरो कथा (रेडियो नेपालमा) तीन वर्षअघि
पहिलो गीतिसंग्रह : नेपाली तारा
रुचि : गायन, अभिनय तथा नृत्य
मनपर्ने स्थान : धरान
मनपर्ने परिकार : दाल, भात, तरकारी
मनपर्ने चलचित्र : दक्षिणा
मनपर्ने कलाकार : राजेश हमाल, शाहरूख खान तथा कृष्टी मैनाली
मनपर्ने संगीतकर्मी : स्व. गोपाल योञ्जन
मनपर्ने विदेशी संगीतकर्मी : स्व. मोहम्मद रफी
मनपर्ने म्युजिक भिडियो : प्राय : सबै
फुर्सदमा : चलचित्र तथा म्युजिक भिडियोहरू हेर्छु, पत्रपत्रिका पढ्छु
आफ्नै बारेमा बताउनुपर्दा : मेहनत गर्न मनपराउने व्यक्ति
सफलताको रहस्य : लगनशीलता र धैयर्ता
संगीत भनेको : सागर हो जुन कहिल्यै रित्तिँदैन, साथै यो एउटा भावना व्यक्त गर्ने माध्यम पनि हो ।
मनपर्ने संगीत : आधुनिक तथा पार्श्वगायन
गायक नभएको भए : फुटबल खेलाडी बन्थें होला
मनपर्ने खेल : फुटबल
जीवनसाथीमा के खोज्नुहुन्छ : समझदारी तथा सरलता
डेटिङमा कोसँग जाने इच्छा छ : कोही छिन्, तर नभनौं
श्रोतालाई के भन्नुहुन्छ : मेरो पहिलो गीतिसंग्रह सुनिदिनुहोला र मलाई माया गरिदिनुहोला
मनपर्ने रंग : कालो
पहिलो म्युजिक भिडियो : माया नगर्ने
पहिलो फोटोसेसन : नेपाली तारा घोषणा भएपछि





## ज्ञान विज्ञान

# विश्वजनसंख्या साढे छ अर्ब

विश्वमा हाल ६ अर्ब ५० करोड जनसंख्या छ । विद्यमान वृद्धिदर जारी रहे यो संख्या आगामी ४५ वर्षपछि (सन् २०५० मा) ९ अर्ब नाघ्ने राष्ट्रसंघीय जनसंख्या कोषले जनाएको छ । प्रतिवेदनमा नेपालको अहिलेको जनसंख्या २ करोड ७१ लाख पुगेको र विद्यमान दुई प्रतिशत वृद्धिदर कायम रहे यो आगामी २०५० मा ५ करोड १२ लाख पुग्ने अनुमान गरिएको छ । विगत पाँच वर्षयता सहरी जनसंख्या पाँच प्रतिशतले वृद्धि भएको जनाउँदै कोषले नेपालको औसत प्रजनन दर ३ दशमलव ५ भएको जनाएको छ । नेपालीहरूको औसत आयु पुरुषको ६० वर्ष तथा महिलाको ६२ दशमलव ९ छ ।



# संकटमा ओरांगओटान



स्तनधारी जनावर ओरांगओटानको अस्तित्व दिन-प्रतिदिन संकटमा पर्दै गएको वातावरणविज्ञहरूले बताएका छन् । अनुसन्धानकर्ताहरूका अनुसार पाम आयलको माग बजारमा बढ्दै गएकाले ओरांगओटानको बासस्थान सखाप हुँदैछ । पर्यावरणविदहरूका अनुसार उक्त तेलको बढ्दो मागले ओरांगओटानको बासस्थान खतरामा परेको छ । फ्रेन्ड अफ अर्थ ओरांगओटानको संरक्षणसँग सम्बद्ध संगठनहरूले दक्षिण-पूर्वी एसियामा ओरांगओटान ९० प्रतिशत समाप्त भैसकेको बताएका छन् । अनुसन्धान प्रतिवेदनअनुसार यही अवस्था रहने हो भने आगामी १२ वर्षमा ओरांगओटान पृथ्वीबाट पूर्ण रूपमा लोप हुनेछ ।

# भिटामिन डी

सान डियागोस्थित मुरेज क्यान्सर केन्द्र (यूसीडीएस) का वैज्ञानिकहरूका अनुसार एक हजार इन्टरनेसनल युनिट अर्थात् २५ माइक्रोग्राम भिटामिन डी को दैनिक सेवनले आन्द्राको क्यान्सर हुने सम्भावनालाई धेरै हदसम्म घटाउन सकिन्छ ।

यूसीडीएसका विशेषज्ञ-हरूले गरेको पछिल्लो अनुसन्धानले आन्द्राको क्यान्सरको जोखिम ५० प्रतिशत घटाउन सेवन गर्नुपर्ने भिटामिनको निश्चित परिणाम किटान गरेको छ । यस्ता कार्यक्रमबाट हरेक वर्ष २८ हजार मानिसलाई सम्भावित मृत्युबाट जोगाउन सकिन्छ । जर्नल अफ स्टेरोइड बायोकेमिस्ट्री एन्ड मल्क्युलर बायोलोजीमा हालै प्रकाशित उक्त अध्ययन प्रतिवेदन भिटामिन डी र आन्द्राको क्यान्सरबीचको रोकथाम सम्बन्ध दर्साउने १८ वटा वैज्ञानिक दस्तावेजलाई समीक्षा गरेर तयार पारिएको हो ।

## जन्मदिनको शुभकामना


प्रियंका भुजेल २०५६ जेठ २०


निलाञ्जना मिश्र २०५५ जेठ २५


आयुष्मा सापकोटा २०६२ जेठ २३


गृष्मा गुरागाईं २०५३ जेठ २५


प्रतीक्षा अधिकारी २०५२ जेठ २१


रिसु सिग्देल २०५९ जेठ २२


राजन भट्टराई २०५६ जेठ १९


टानिया लामिछाने २०५७ जेठ २५


श्रेया राई २०६० जेठ २१


संयोग श्रेष्ठ २०६० जेठ २४


प्रतीक श्रेष्ठ २०५६ जेठ १९



**कूपन**

## जन्मदिनको शुभकामना

नाम :.......................................................

जन्म मिति :.......................................................

स्कुल :.......................................................

ठेगाना : .......................................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ ।

## तल दिइएको चित्रमा ६ वटा फरक छुट्याऊ





फरक -टोपी, चुरोट, लुगा, कपाल, बोतल, पोष्टर ।

# साक्षरता घटाउन लाइफ अभियान

संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) ले सन् २०१५ सम्ममा विश्वको वयस्क निरक्षरता दर आधा घटाउने प्रमुख उद्देश्यका साथ सशक्तीकरणका लागि शैक्षिक पहलअन्तर्गत लिटरेसी इनिसियटिभ फर इम्पावरमेन्ट ( लाइफ) नामक नयाँ अभियान थालेको छ । लाइफ अभियानको रणनीतिले ५० प्रतिशत निरक्षरता दर रहेका तथा १ करोडभन्दा बढी जनसंख्या निरक्षर रहेका मुलुकहरूमा साक्षरता दर बढाउन सहयोग गर्ने युनेस्कोले जनाएको छ ।

युनेस्कोले सार्वजनिक गरेको एक तथ्यांकअनुसार विश्वका ७७ करोड १० लाख वयस्क उमेरका मानिस निरक्षर छन् । यसका साथै १० करोड ३० लाख बालबालिका विद्यालय जानबाट वञ्चित छन् । विश्वको ८५ प्रतिशत निरक्षरता नेपाललगायत ३४ मुलुकमा छ ।

निरक्षरता दर बढी रहेका मुलुकहरूमा अफगानिस्तान, बंगलादेश, पाकिस्तान, भारत, बुर्किनाफासो, ब्राजिल, चाड, चीन, कंगो, इथियोपिया तथा गाम्बिया छन् । लाइफ अभियानको रणनीति तीन चरणमा लागू हुनेछ । सन् २००६ बाट प्रारम्भ हुने सो अभियानको पहिलो चरण बंगलादेश, इजिप्ट, हैटी, माली, मोरक्को, नाइजर, नाइजेरिया, पाकिस्तान, सेनेगल र यमनमा लागू हुनेछ भने दोस्रो तथा तेस्रो चरण क्रमशः २००८ र २०१० मा सुरु हुनेछ ।

**तल दिइएको चित्रमा कति प्राणीहरू लुकेका छन् ?**



लुकेका प्राणीहरू : बाँदर, हाँस, मुसा, चरा, कुकुर ।

## शब्दहरू खोज

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| मु | ग | र | मा | भि | शा | कु | न्त | ल |
| ना | आ | व | ह | खा | यु | प | स | ञ्च |
| म | त्म | प | वि. | री | म्भु | क | गु | सु |
| द | वृ | ग | हा | न्द्र | ज | था | न | लो |
| न | व | ला | गि | रि | लु | नी | र | च |
| कृ | षि | बा | ला | सु | अ | च | ल्हो | ना |
| म | था | म्न | मा | नि | न्न | म्पा | हु | र्न |
| ना | षी | च | श्मा | छु | पू | र | दी | ल |
| स्लु | ना | ला | मो | व | न | कु | सु | म |

माथि दिइएका अक्षरहरूमा महाकवि लक्ष्मीप्रसाद देवकोटाका आठवटा कृतिका नाम लुकेका छन् । ती नामहरू सायद तिमीले पनि सुनेको हुनुपर्छ । के तिमी ती नामहरू खोज्न सक्छौ ?

शब्दजालमा लुकेका नामहरू : मुनामदन, वनकुसुम, शाकुन्तल, सुलोचना, कृषिबाला, भिखारी, चम्पा, लुनी ।

## साप्ताहिक अंकजाल प्रतियोगिता-६८

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

१. सँगै दिइएको १६ वटा कोठाहरूमा ६७ देखि ८२ सम्मका अंकहरू नदोहोरिने गरी यसरी भर, जसबाट तिनीहरूको योगफल ठाडो, तेर्सो, छड्के जसरी जोड्दा पनि २९८ होस् ।

२. अंकजाल साप्ताहिकको कार्यालयमा प्रकाशित भएको मितिले दुई साताभित्र पठाइसक्नुपर्नेछ ।

३. विजेतालाई २ सय रुपैयाँ पुरस्कार दिइनेछ ।

नाम : ......................................कक्षा : .....

स्कुल : .......................................................

ठेगाना : .......................................................

अंकजाल ६४ मा सहभागीहरूको संख्या : २१०

गोलाप्रथाबाट विजेता :

दीक्षा कुँवर, कक्षा ७, ज्ञानबाबा इ. स्कुल, पोखरा

## सन्देश




सानु, हार्दिक मंगलमय शुभकामना साथै सम्झना । मित्रहरू दीपेन्द्र, बाबा सुब्बा, विकल, इन्द्र, साथै सुशीला, सकिला तथा सिर्जना मेल गर है ।

**raju123rai@yahoo.com**

विराटनगरमा जन्ती आउँदा तिमीलाई हेरिरहने, तिमी जता जान्छचौ तिम्रो पछि-पछि आउने, तिमी जग्गेको ढोकाछेउ उभिँदा तिम्रो सीधा कुर्सीमा बसेर टोलाइरहने अपरिचित सोल्टीलाई जसरी भए पनि इमेल गर्न अनुरोध छ ।

**genial_khemu@yahoo.com**

सोमबार त्रिभुवन विमानस्थलमा दुबई जाने दाजुलाई पुर्‍याउन आएकी गुलाबी कुर्ता-सलबार लगाउने युवतीसँग मित्रताको हात बढाउन चाहन्छु ।

**Junar_ck@hotmail.com**

सानु, स्कुलमा पढ्दा तिमीले मलाई प्रेमपत्र पठाएकी थियौ । मैले त्यसको वास्ता गरिन । धेरैपछि अहिले आएर मैले मायाको अर्थ बुझ्न थालेको छु । त्यसैले म तिम्रो माया खोज्दैछु तर भन्न सक्ने आँट ममा छैन । यदि तिम्रो मनमा पहिलेको झैं भावना छ भने साँझ मलाई फोन गर है ।

**सन्दीप**

प्रदुन, मलाई थाहा भयो तिमी जबका कारणले गर्दा टाढा गयौ । तिमी जहाँ छौ प्रत्येक पाइलामा विजय होस् । मलाई दुःख लागेको छ– तिमी जान्दछु पनि नभनी गयौ । तिमीलाई के थाहा मेरो मन यति रोएको छ, प्लिज, मलाई माफ गरिदेऊ, तिम्रो भावनालाई मैले बुझ्न सकिनँ । यदि बिर्सिएका छैनौ भने फोन गर ल ।

**दिलु**

रोजी, नववर्षको हार्दिक शुभकामना एवं एसएलसी परीक्षाको नतिजा अपेक्षा गरेअनुरूप आओस् ।

**आनन्द**

साथीहरू, लक्ष्मी, राजेश, भीमसेन, अञ्जु, सागर, ईश्वरी, सीता, मनोज, संगम, सुनिता, विमला, मधु, विशाल, दुर्गा, विशेष गरी रमिला, विध्या एवं लक्ष्मीलाई हार्दिक शुभकामना सहित मीठो सम्झना ।

**प्रशान्त**

आदरणीय आमाबुबा, दाजुभाइ, भाउजु, दिदीबहिनी, कल्पना, काका भरत, काकी शुभद्रा, मामामाइजू सपरिवार तथा सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा नववर्षको सुअवसरमा सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगति तथा शान्तिको शुभकामना ।

**श्यामसुन्दर वन**

सबु, हाम्रो नाता आदिमझैं लाग्यो, सायद तिम्रो पत्र नपाएर हुनसक्छ । प्लिज भुल्दै भए पनि सम्झिदिनु, यही हो मित्रताको रीत ।

**उदय**

## कुपन सन्देश

पाउने :

सन्देश :

पठाउने :

प्रति सन्देश रु. २०/– अनिवार्य

## साप्ताहिक साथीका लागि फर्म

नाम :

उमेर : ............................ उचाइ : ............................

पेसा : ............................ शिक्षा : ............................

स्वभाव : ............................ वैवाहिक स्थिति : ............................

अभिरुचि : ............................

वर्ण : ............................

इमेल : ............................

ठेगाना : ............................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

............................

............................

नोट : तस्बिर र नगद रु. ५०/- अनिवार्य छ । आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## जीवनको गोरेटो

### आमालाई चिठी

आदरणीय आमा
सादर ढोग,

कुशल छु, कुशलताको कामना गर्छु । धेरै दिनपश्चात आज यो पत्र लेख्दैछु । सायद यो पत्र हात पर्दा १६ वर्ष पहिले हजुरले मलाई जन्माउँदा हजुरलाई मैले जति हैरानी दिएकी थिएँ आज खाटा बसिसकेको प्रसव वेदनाको घाउ कोट्याएर नुन-खुर्सानी छरेर त्यत्ति नै हैरानी दिएजस्तो हुन्छ होला । आमा, हजुर कति भाग्यमानी हुनुहुन्थ्यो, कति सुखी र खुसी हुनुहुन्थ्यो ? सबैले हजुरको सुख र खुसीको प्रशंसा गर्थे । बुबा जागिरे, हजुर गृहिणी । एउटा छोरा, एउटी छोरी सानो परिवार सुखी परिवार भन्ने कुरा उदाहरण नै बनेको थियो । सुझबुझले भरिपूर्ण हुनुहुन्थ्यो मेरा बुबा । बुबाले हजुरलाई छोराछोरी जन्माउने साधन कहिल्यै मान्नुभएन, त्यसैले त हजुर दुईवटा छोराछोरीकी आमाभन्दा पनि नपत्याउने कति स्वस्थ र सुकुमारी देखिनुहुन्थ्यो ? सबैले हजुरको रूपको प्रशंसा गर्थे ।

आफूले रोपेको फूल फुलाएर सुन्दर, सुगन्धमय बगैंचा बनाउँला भन्ने आशा त जुनसुकै मालीले पनि सोचेकै हुन्छ । तर शिशिरको तुषारापातले ठिंगुर्‍याउँछ वा ग्रिष्मको हुरीबतासले लछारपछार पारी त्यो सपना चकनाचूर पार्छ । परिवारमा लक्ष्मीकी रूपमा चिनिएकी म, सुख र सयलमा बालापन बिताइरहेकी थिएँ । मलाई ज्ञानी, शिक्षित र बुद्धिमान बनाउन छोरासरह विद्यालय पठाउनुभयो । म सरासर पढ्दै गएँ नौ कक्षासम्म ।

विद्यालय आउने-जाने बाटोमा एकाएक म एउटा शालिग्राममा ठोक्किन पुगें । ढुंगो भए त फुटाइदिन्थें वा खनेर निकालिदिन्थें । कालीगण्डकी किनारमा पाइने शालिग्राम कहाँबाट म हिँड्ने बाटोमा ठोक्किन आयो ! यो ठोक्काइ मैले आफैंलाई जन्म दिने आमाबाबुसँग भन्न सकिनँ । त्यो शालिग्रामको ठक्कर मातृवात्सल्यभन्दा पनि मीठो, न्यानो र मायालु लाग्न थाल्यो । छोरीको जात भएर हो वा मेरो काँचो उमेर भएर हो वा हजुरहरूको इज्जतमा दाग लगाउन हो । मैले उसलाई हजुरहरू र आफन्तजनभन्दा माथिल्लो स्थानमा राखेर पुज्न थालें ।

आमा, हिंजोआज रोएर दिन बिताउनुहुन्छ रे ! उच्च जात क्षेत्रीकी छोरी, दलित जातसँग भागेर जानु बाबुआमाका लागि चिन्ताको कारण बन्न सक्छ । यही पुरातनवादी सोचले गर्दा छुवाछूत, जातभातको कुरा आजसम्म जीवितै छ । संसारमा जात छ भने नारी र पुरुषमात्र छ । आमा, त्यसमा पनि रगत सबैको रातो हुन्छ भने यो भेदभाव किन ?

कहिलेसम्म हाम्रो समाजमा यी पर्खालहरू ठडिने हुन् ? यी पर्खाल भत्काउनु त पर्छ नै तर आज म आफूँ अघि बढेकी हुँदा हजुरलाई असह्य भएको हो । मान्छेहरू भाषण र योजनाहरू बनाएर दलितका नाममा ठगी खान्छन्, उनीहरू समाज सुधारकको मुकुन्डो भिरेर हिँडेका छन् । मैले त्यस्तो मुकुण्डो भिरेर हिँडेकी होइन आमा । मैले त आफ्नो जीवनसाथी रोजेर हिँडेकी हुँ । हजुरले जीवन छँदासम्म मलाई र मेरा श्रीमान्‌लाई हजुरको घरमा भित्र्याउनुहुनेछैन । नबुझ्नेहरू मलाई गाली गर्लान् तर मानवीय दृष्टिले हेर्दा मैले कुनै गल्ती गरेकी छैन ।

हजुरको आशा थियो होला छोरीलाई धेरै पढाउने, ठूली मान्छे बनाउने, आफ्नै जातको धनी केटालाई कन्यादान गरी दाइजोपातसँगै डोलीमा चढाई पठाउने अनि छोरीज्वाइँ भित्र्याउने, दुःखसुखका कुरा गर्ने, त्यो सबै हजुरको भाग्यमा रहेनछ, आमा यही बुझ्नुहोस् । कथित तल्लो जातको केटालाई रोजी हिँड्ने छोरीलाई हजुरमात्र होइन, हाम्रो समाजका सबै आमाहरूले जिउँदै मरेको ठान्छन् ।

म के गरूँ त आमा ? मैले आफ्नो निर्णय लिएँ । अब यस्तो र उस्तो भनेर मेरो घर नबिगारिदिनुहोस् । एकपल्ट उहाँसित विवाह गरिसकेपछि मलाई विभिन्न लोभ र लालच देखाएर फर्काउने प्रयास नगर्नुहोस् । त्यसो गरे हजुरहरूलाई पाप त लाग्छ नै, समाजमा मेरो कुनै अस्तित्व रहँदैन । म निन्दनीय हुन्छु । एकपल्ट एउटालाई तन, मन, वचन सुम्पिसकेपछि अर्कोलाई फेरि रित्तिएको तन, मन, वचन कसरी सुम्पने ? हजुर पनि त नारी हुनुहुन्छ । नारीले नारीको व्यथा नबुझ्नाले नै यो समाजमा हामी नारीहरू पछि परेका हौं ।



मान्छे-मान्छेबीचको छोइछिटा र भेदभावका पर्खाल भत्काउन मलाई ईश्वरले हजुरको कोखमा बास गराएछन् । हजुर धन्य हुनुहुन्छ आमा, म गर्व गर्छु । हजुरकी सन्तान समाजमा नमुना बन्न पाएकोमा ।

आमा ! यसरी मैले पत्रमा यतिका कुरा लेखेको पढ्दा हजुरको छातीमा गाँठो पर्ला । छाती गाँठो पारेर कति दिन नुनिला आँसु झार्नुहुन्छ ? कुरा काट्नेहरूले विभिन्न कुरा सुनाउँछन् होला, झनै पिरोलिनुहुन्छ होला । बिन्ती अब कुरा सुन्न र रुन बन्द गर्नुहोस् । फूलको थुँगाजस्तो शरीर त्यसरी नओइलाउनुहोस् । म त यहाँ रोएकी छैन । मेरो धन्दा मैले आफैं बेसाएकी हुँ र मैले नै फत्ते गर्नु छ ।

आमा ! हृदयमा बिझेको काँडाले शरीर गलाउँछ भन्छन्, मैले हजुरको हृदयमा काँडा बिझाएँ । सक्नुहुन्छ भने दाजु र मलाई सजाएर राख्नुभएको हजुरको हृदयको कुनाबाट मेरो नाम र प्रतिविम्ब झिकेर फालिदिनुहोस् । दुई सन्तानमा एउटा छोराकी आमा मात्र हुँ भनेर बस्नुहोस् जसले गर्दा हजुरलाई दिन बिताउन सजिलो होस् । म हजुरको मुहारमा पहिलेकै खुसी देख्न चाहन्छु ।

आमा, पीर नगर्नुहोस् । म मेरो कुनै पनि दुःख हजुरहरूसँग पोख्न आउनेछैन । म मेरो माइती भनेर पनि मेरा श्रीमान्‌का आफन्तलाई चिनाउनेछैन । कहिलेकाहीं बाटोमा भेट भयो भने के गर्ने होला भनेर तर्सिनुपर्दैन, ढुक्क भएर हिँड्नुहोला ।

चिठीमा यस्ता कुरा लेखेर खुबै जान्ने भइछे भन्ने लाग्यो होला, त्यसो होइन । म आफूमा जति सर्वज्ञ भए पनि हजुरहरूका लागि अल्पज्ञ नै ठहरिन्छु किनकि म हजुरकी सन्तान हुँ । सन्तानले आफूलाई जतिसुकै ठूला मानँन् बाबुआमाका अगाडि साना नै हुन्छन् होइन ? मैले हजुरहरूको इज्जतलाई ख्याल नगरी कथित दलितसँग विवाह गरेर गल्ती गरें वा सही ? त्यो त हेर्न बाँकी नै छ । हुन त म कथित दलितकी श्रीमतीले दिएको शुभकामना के स्वीकार्नुहोला र ! तैपनि माइतीको प्रगति भएको सुन्न पाऊँ ।

**–लक्ष्मी**

## साप्ताहिक साथी



-१९ वर्षीय सुरेश तामाङले एसएलसीसम्मको अध्ययन पूरा गरेका छन् । ५ फिट ४ इन्च अग्ला तामाङले नोकरीलाई पेसा बनाएका छन् । संगीत एवं पत्रमित्रतालाई अभिरुचि मान्ने सुरेश जातभातको भेदभाव नगर्ने, आफूभन्दा सानालाई माया तथा ठूलालाई आदर गर्ने साथीको खोजीमा छन् । उनलाई देवीमार्ग, वडा नं. ३३ ज्ञानेश्वर, काठमाडौंको ठेगानामा पत्राचार गर्न सकिन्छ ।



-व्यापारलाई पेसा बनाएका २० वर्षीय राजेश लामाले १० कक्षासम्मको अध्ययन पूरा गरेका छन् । असल स्वभावका लामाको उचाइ ५ फिट ४ इन्च छ भने उनी गोरो वर्णका छन् । दुःखमा साथ दिने, सुखमा हाँस्ने र साथी बनाएपछि कहिल्यै नछुट्ने साथीको खोजीमा रहेका राजेशलाई काठमाडौं निम्न व्यापारी संघ, पसल नं. ५१ भृकुटीमण्डप, काठमाडौंको ठेगानामा पत्राचार गर्न सकिन्छ ।



-जिन्दगीका हरेक पाइलामा साथ दिने, मिलनसार एवं मेहनती साथीको खोजीमा रहेका २३ वर्षीय मोहन शर्मा मरासिनी हाल बीबीएस पहिलो वर्षका छात्र हुन् । चन्चले स्वभावका मोहन गीतसंगीत सुन्न एवं पत्रपत्रिका पढ्न मन पराउँछन् । ५ फिट ८ इन्च अग्ला मोहन हाल सिंगापुरमा छन् । उनलाई guymohan_sharma@yahoo.com मा इमेल गरी साथी बनाउन सकिन्छ ।



-नम्र स्वभावका २१ वर्षीय छिरिङ लामा स्याङ्तान पत्रमित्रता गर्न तथा संगीत सुन्न रुचाउँछन् । गहुँगोरो वर्णका अविवाहित लामा ५ फिट ४ इन्च अग्ला छन् । सुखदुःखमा साथ दिने, असमान व्यवहार नगर्ने तथा मनको कुरा बुझ्न सक्ने साथीको खोजीमा रहेका छिरिङलाई थकाली फास्ट फुड, भगवतीस्थान, ठमेल, काठमाडौंको ठेगानामा पत्राचार गरी साथी बनाउन सकिन्छ ।



-५ फिट ५ इन्च अग्ला २४ वर्षीय दीपेश एसपीडीसीले एसएलसीसम्मको अध्ययन पूरा गरेका छन् । सरल स्वभावका दीपेश देशको सेवा गर्न तथा असल साथी बनाउन रुचि राख्छन् । नोकरीलाई पेसा बनाएका दीपेश दुःखमा नआत्तिने, सुखमा नमात्तिने तथा ठूलाको आदर गर्ने एवं सानालाई माया गर्ने साथीको खोजीमा छन् । दीपेशलाई सोलुखुम्बु, सल्लेरी, पो.ब.नं. ७ मा पत्राचार गर्न सकिन्छ ।

# तपाईंको यो साता



ज्यो. पं. ओजराज उपाध्याय लोहनी

## मेष

समय प्रतिकूल रहनेछ। गलत विचार एवं शत्रु बढ्नेछन्। काममा अवरोध आउनेछ। बिनाकारण बढ्ने विवादले चिन्तित तुल्याउनेछ। बुधबार तथा बिहीबार प्रसन्नता बढ्ने एवं काममा सुधार आउने योग छ। भेटघाटमा रमाउने अवसर मिल्नेछ। अरूको भरोसा गरे धोका होला। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग छ।

## वृष

प्रारम्भमा पराक्रम बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग छ। मानसम्मान पनि मिल्नेछ। बोलीको प्रभाव बढ्नेछ। शनिबारदेखि घरेलु समस्याले सताउने हुँदा सफलताका लागि घरबाहिर रहनु उचित हुनेछ। गलत विचार बढ्ने हुँदा सोचेर काम गर्नुहोला।

## मिथुन

पलपलमा संयम अपनाउनुपर्नेछ। कुरा काट्नेहरू बढ्ने हुँदा बोल्दा विचार पुऱ्याउनुहोला। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग छ। झूटा आरोप लाग्न सक्छ अरूको विश्वास गर्नु उचित हुँदैन। धनमाल हराउन सक्छ। अध्ययनमा प्राप्त हुने सफलता यथावत् रहनेछ।

## कर्कट

मानसम्मान मिल्नेछ। आँट एवं साहस बढ्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाउने योग छ। आम्दानी बढ्नुका साथै मानसम्मान पाउने योग छ। सजिलै अरूको विश्वास जित्न सकिनेछ। व्यापार बढ्ने तथा यात्रा हुने योग भए पनि स्वास्थ्यमा संकट आउने हुँदा खानपानमा ध्यान दिनु उचित होला।

## सिंह

प्रयत्न गरे सफलता मिल्नेछ। खर्च एवं विवाद बढ्ने हुँदा सफलताका लागि गोपनियता अपनाउनुपर्नेछ। मानसम्मान मिल्नुका साथै धन आर्जन गर्ने अवसर प्राप्त हुनेछ। बोलीको प्रभाव बढ्नुका साथै सजिलै अरूको मन जित्न सकिनेछ। पतिपत्नीबीचको विवादले तीव्रता लिनुका साथै चिन्ता बढ्ने सम्भावना छ।

## कन्या

धन आर्जन एवं आफन्तहरूको उचित सहयोग प्राप्त हुनेछ। बोलीको प्रभाव बढ्नेछ। भोजभतेरमा सामेल हुने अवसर मिल्नेछ। आपसी सुखदुःखको कुरा गर्ने मौका छ। शनिबार तथा आइतबार खर्च, विवाद एवं चिन्ता बढ्ने, स्वास्थ्यमा समस्या उत्पन्न हुने तथा काममा अवरोध आउने योग छ।

## तुला

मानसम्मानका साथै धन आर्जन गर्ने अवसर मिल्नेछ। यात्रा पनि हुनसक्छ। भेटघाटमा रमाउने बेला छ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। अरूको विश्वास जित्न सजिलै सकिनेछ। सोमबार तथा मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ।

## वृश्चिक

धर्म बढ्नेछ। काममा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर मिल्नेछ। अरूले तपाईंको प्रशंसा गर्नेछन्। यात्रा हुनसक्छ। शत्रु बढ्ने हुँदा संयम अपनाउनुहोला। गलत विचार बढ्ने हुँदा धैर्यतामा जोड दिनुपर्ला। बिहीबार चिन्ता बढ्नेछ।

## धनु

स्वास्थ्यमा समस्या उत्पन्न हुनुका साथै काममा अवरोध आउनेछ। नैराश्यता एवं उदासीनता बढ्नेछ। घरेलु समस्याले सताउनेछ। सोमबारदेखि मानसम्मान मिल्ने एवं अध्ययनमा सफलता मिल्ने योग छ। धन आर्जन गर्ने अवसर प्राप्त होला। खानपानमा ध्यान दिनुपर्ने बेला छ।

## मकर

यात्रा गर्ने अवसर मिल्नेछ। भेटघाटमा रुचि बढ्नेछ। आफन्तहरूले उचित सहयोग गर्नेछन्। शत्रु बढे पनि जित तपाईंकै हुनेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ। मानसम्मान पनि प्राप्त हुनेछ। शनिबार तथा आइतबार स्वास्थ्यमा समस्या उत्पन्न हुने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ।

## कुम्भ

परिश्रम गर्दा काममा सफलता मिल्ने तथा धन आर्जन हुने योग छ। व्यापार बढ्नुका साथै यात्रा गर्ने अवसर मिल्नेछ। पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग भए पनि सोमबार, मंगलबार तथा बुधबार, स्वास्थ्यमा समस्या एवं काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ।

## मीन

काम बढी गर्नुपरे पनि सोचेजस्तै सफलता मिल्नेछ। आफन्तहरूले पनि सहयोग गर्नेछन्। पराक्रम एवं बोलीको प्रभाव बढ्नेछ। यात्रामा लाभ हुनुका साथै भेटघाटमा रमाउने अवसर मिल्नेछ। अरूलाई आकर्षित गर्न सकिनेछ। अध्ययनमा सफलता प्राप्त हुनेछ। विवाद एवं चिन्ता बढ्नुका साथै स्वास्थ्यमा समस्या उत्पन्न हुनसक्छ।

### यो साताको पञ्चाङ्ग

जेठ १९ गते : कुमार षष्टी, २१ गते : निर्दोष बालबालिकामाथि अत्याचारविरुद्धको अन्तर्राष्ट्रिय दिवस, २२ गते : विश्व वातावरण दिवस, २४ गते : निर्जला एकादशी व्रत, तुलसीको बीउ रोप्ने दिन

# यौन जिज्ञासा र समाधान



• डा. राजेन्द्र भद्रा

**प्रश्न : म २२ वर्षीय अविवाहित युवक हुँ। १८ वर्षीया प्रेमिकासँग एक वर्षदेखि उनको सहमतिमा यौनसम्पर्क गर्दै आएको छु। यौनसम्पर्क गर्ने क्रममा हामी एक-अर्काको यौनअंगमा चुम्बन गर्छौं। यसै क्रममा कहिलेकाहीं एक-अर्काको वीर्य पनि निलिन्छ। के यसरी वीर्य निल्दा स्वास्थ्यमा असर पर्छ ? यसरी नियमित वीर्य निल्नाले अथवा वीर्य निकाल्दा स्वास्थ्य कमजोर हुन्छ ? मेरी प्रेमिकाको यौन अंग पनि चिलाइरहन्छ। यो यौनरोगको लक्षण त होइन ? उनले पहिलो पटक मसँग नै यौनसम्बन्ध राखेकी हुन्। के menstruation period मा कन्डम लगाएर यौनसम्पर्क राख्न सकिँदैन ? यसो गर्दा के-कस्तो असर पर्छ ? menstruation भएको कति दिनमा यौनसम्पर्क राख्नु उचित होला वा गर्भ रहँदैन ?**

**– आर. एस.**

**उत्तर : एक-अर्काको वीर्य खाँदा खराब गर्छ ?**

किशोरावस्था अनि युवावस्थामा यौनइच्छा एकदमै तीव्र हुने भएकाले यौनसम्पर्कको मौका त खोजिन्छ नै। सबै प्रकारले परिपक्व नभै यौनसम्पर्क राख्दा त्यसको परिणाम के-कस्तो होला भनेर डर अनि त्यसको सामना गर्न उनीहरू आवश्यक रूपमा तयार हुँदैनन्। तपाईंहरू प्रेमी-प्रेमिका हुनुभएकाले आशा गर्छु, तपाईंहरूको यो सम्बन्ध यौनआवेगलाई शान्त पार्ने कुरामा मात्र केन्द्रित छैन। दीर्घकालीन रूपमा सम्बन्धलाई कसरी अघि बढाउने भन्ने कुरा त सोच्नुभएकै होला। विवाहपूर्वको यौनसम्पर्कलाई समाजले बन्देज लगाएकाले कतिपय कुरामा विशेष सावधानी अपनाउनुपर्ने हुन्छ। गर्भनिरोधको उपाय एक महत्त्वपूर्ण पक्ष हो। गर्भ नरहोस् भन्नका लागि गर्भनिरोधको कुनै उपाय अपनाउनु बेस हुन्छ। तपाईंले कन्डमको प्रयोग गर्नुभएको संकेत त पत्रमा छ नै। नियमित रूपमा यौनसम्पर्क नहुने जोडीका लागि यो उपयुक्त साधन हो। त्यसबाहेक तपाईंले अन्य कुनै पनि साधन अपनाउन सक्नुहुन्छ। यो स्तम्भको नियमित पाठक हुनुहुन्छ भने तपाईंलाई महिनावारी नियमित छ भने मात्र प्राकृतिक विधिले प्रभावकारी काम गर्ने कुरा त थाहा नै होला। सामान्यतया महिनावारीका सुरुका र पछिल्ला १० दिन गर्भ रहने दृष्टिकोणले सुरक्षित हुन्छ भने बीचको १० दिन असुरक्षित।

तपाईं-हामीलाई थाहै छ, पुरुष यौन उत्तेजनाको चरमसुखको स्थितिमा पुगेको हाराहारीमा विशेष किसिमको सेतो पदार्थ लिङ्गबाट निस्कन्छ। हामी त्यसैलाई वीर्य भन्छौं तर महिलामा पुरुषको जस्तो वीर्य निस्कँदैन। महिलाको योनिबाट उत्तेजना भएपछि प्रशस्त मात्रामा रस निस्कन्छ, जसलाई हामी योनिरस भन्छौं। त्यसैले तपाईंले भन्नुभएजस्तो यहाँ एक-अर्काको वीर्य खाएको भन्ने कुरा अलि मिल्दैन। तपाईंलाई थाहै होला, वीर्यमा नै शुक्रकीट हुन्छ र यही शुक्रकीट महिलाको डिम्बमा मिलेपछि मानव जीवन प्रारम्भ हुन्छ। शुक्रकीटजस्तो कोमल कोष राम्रोसँग बाँच्न सकोस् भनेर वीर्यमा आवश्यक सबै तत्त्व हुन्छन्। छोटकरीमा भन्नुपर्दा वीर्यमा विषालु पदार्थ केही हुँदैन र रासायनिक दृष्टिकोणले हेर्ने हो भने केही सामान्य कार्बोहाइड्रेड, केही प्रोटिनको साथमा मुख्यतया पानी हुन्छ। 'शुक्रकीट' बाँच्न सकोस् भनेर संरचना गरिएकाले मानवकोषलाई हानि गर्ने किसिमको कुनै पदार्थ यसमा हुँदैन। अर्को कुरा, हाम्रो प्रारम्भ नै वीर्यमा रहेको कुनै एक शुक्रकीटबाट भएको हो र आधाजसो वंशाणु हामीले त्यसैबाट पाएका छौं। वीर्य निलिएपछि आमाशय (पेट) मा पुग्छ र त्यहाँको पाचनरस (एसिड)मा शुक्रकीटहरू मर्छन् अनि अन्य पदार्थका साथ त्यसलाई पनि पचाइन्छ। यसको मात्रा एकदमै थोरै हुन्छ भन्ने कुरा त तपाईंले याद गर्नुभएकै होला।

**वीर्य धेरै निकाल्दा कमजोर भइन्छ ?**

वीर्यमा प्रजनन क्षमताका लागि आवश्यक शुक्रकीट हुने भएकाले नै यसले निकै महत्त्व पाएको छ। सांकेतिक रूपमा हेर्दा जन्मको सुरुवात हुने बिजनका रूपमा कार्य गर्ने भएकाले यसले पाएको महत्त्व जायज नै लाग्छ। यो शक्ति आफैंमा ठूलो तथा महत्त्वको हुन्छ। पूर्वीय समाजमा वीर्य खेर फाल्नु हुँदैन भन्ने सिद्धान्त एकदमै प्रबल देखिन्छ र वीर्य बन्न यति थोपा रगत चाहिन्छ जस्ता कुराको चर्चा हुन्छ। शुक्रकीटको उत्पादन मात्र होइन, हाम्रो शरीरको कुनै पनि अङ्गको विकास वा उत्पादनका लागि रगतको प्रवाह आवश्यक हुन्छ, किनकि रगतको माध्यमबाटै आवश्यक कुराहरू उक्त अंगसम्म पुग्छ तर यसको अर्थ यो होइन कि निश्चित रगतको खर्चमा केही बन्छ। पोषणका दृष्टिले हेरिने शक्तिको कुरा गर्दा एक सामान्य व्यक्तिलाई १ हजार ८ सयदेखि २ हजार २ सय क्यालोरी शक्ति चाहिन्छ र एकपल्टको वीर्य स्खलन निस्किएको वीर्यको मात्रामा यस्तै १५ क्यालोरीजति शक्ति हुन्छ, जुन हाम्रो दैनिक आवश्यकताको तुलनामा निकै नै कम हो। त्यसैले वीर्य स्खलनका कारणले कमजोर बनाउला भन्ने कुरामा पीर गर्नु पर्दैन। यौनसम्पर्क गर्दा वा उक्त अघि-पछिका शारीरिक क्रियाकलापदेखि लिङ्ग उत्तेजना, रस निस्कने, वीर्य स्खलनजस्ता कतिपय क्रिया-प्रक्रियामा पनि शक्ति (क्यालोरी) खर्च हुन्छ भन्ने कुरा बिर्सनु हुँदैन।

**महिनावारीमा यौन सम्पर्क**

महिनावारीको बेलामा स्वस्थ पुरुष तथा महिलाको बीचमा हुने यौनसम्पर्कलाई वर्जित गर्नुपर्ने कुनै वैज्ञानिक कारण छैन। तपाईंलाई थाहा छ भने महिनावारीको रगतको स्रोत पाठेघर हो र पाठेघरको मुखमा भएको सानो प्वालबाट यो रगत बाहिर आउँछ। पाठेघरको मुखले बाहिर आइसकेको कुरालाई यहाँसम्म कि कतिपय सूक्ष्म जीवलाई हत्तपत्त भित्र जान दिँदैन। यौनसम्पर्क गर्दा योनिरसको सम्पर्कमा लिङ्ग आउँछ। त्यसैगरी थोरै भए पनि लिङ्गबाट आउने रसको सम्पर्कमा योनि पनि आउँछ। यदि स्वस्थ व्यक्तिको बीचमा भएको यौनसम्पर्कमा हुने यस किसिमको रसको सम्पर्कले हानि गर्दैन। चुम्बन गर्दैमा हानि हुँदैन। महिनावारीको बेलामा आउने रगतलाई कतिपयले फोहर रगत मान्छन्, तर यो कुरा सत्य होइन। महिनावारीमा आउने रगत फोहर होइन भनेर सबैले बुझ्नु आवश्यक छ। यसबेला कन्डम लगाएर मात्र होइन, कन्डम नलगाई पनि यौनसम्पर्क गर्न सकिन्छ, तर कन्डम लगाउँदा लिङ्गमा रगत नलाग्ने हुँदा सजिलो हुन्छ र यौनरोगबाट पनि बच्न सकिन्छ। तपाईंले पनि आफ्नी प्रेमिकाबाहेक अन्य कसैसँग यौनसम्पर्क राख्नुभएको छैन भने उनलाई पनि यौनरोग भएको भन्न मिलेन। सायद सरसफाइको कमी वा योनिमा ढुसी जातिको संक्रमणले चिलाउने समस्या उत्पन्न भएको हुन सक्छ। समस्या कायम रहे चिकित्सकीय परीक्षण गराउनुहोला।


श्वास र दमको अचूक उपचार
४-४१८०४१
विशाल आयुर्वेद औषधालय

सुखी विवाहित जीवनको लागि
सेवाको १२ वर्ष
पपुलर आयुर्वेद औषधालय

उद्घोषण
RJ/VJing & Radio Technician
Practical on own studio, CD Recording (Demo), Jobs for best.
Professional Trainers, Field Work, Affordable fee structure
The Media's Collection Pvt. Ltd.
Phone : 2003402
Special Discount

उत्तीर्ण हुनेमै उद्देश्य लिई अध्यापन गराईदैछ।
भर्ना खुल्यो-063
Private
Test-SLC
D.E.O.
I.A, I.Com, B.A, MA, MPA
T.U.
Regular: Tuition & Coaching
Test-SLC, I.A, I.Com, I.Sc, +2, CBSE, Bachelor & Master
4422105

५०% छुटमा
LANGUAGE TRAINING

तालिमको लागि
राज इलेक्ट्रोनिक्स
फोन: 4495581

English
Creative English Dictionary
Easy Learning
Boost Vocabulary
CLC's Creative Publications

होटल तालिम
त्रिवेणी होटल ट्रेनिङ सेन्टर

विद्यार्थीका लागि सुवर्ण अवसर !
a)Graphics/Web Page Designer
b)Hardware/Networking Technician
c)Mobile/Monitor Technician
S&S Institute, Ph:4412386




# दोस्रो चरणमा पुग्ने होड

| मिति | स्थान | खेल |
|---|---|---|
| १३ जुन | फ्राङकफर्ट | कोरियाविरुद्ध टोगो |
| १३ जुन | स्टुटगार्ट | फ्रान्सविरुद्ध स्वीटजरल्यान्ड |
| १८ जुन | लिजजिग | कोरियाविरुद्ध फ्रान्स |
| १९ जुन | डर्टमण्ड | स्वीटजरल्यान्डविरुद्ध टोगो |
| २३ जुन | हानोभर | कोरियाविरुद्ध स्वीटजरल्यान्ड |
| २३ जुन | कोलोन | फ्रान्सविरुद्ध टोगो |

सन् २००२ को विश्वकपमा आश्चर्यजनक ढंगले पहिलो चरणबाटै बाहिरिएको फ्रान्सले विश्वकपको अठारौं संस्करणमा आइपुग्दा उपाधि जित्ने दुईवटा महत्त्वपूर्ण हैसियत गुमाएको छ। 'लेस ब्लुज' उपनामले चिनिने फ्रान्सका लागि जापान-कोरिया विश्वकपको जस्तो डिफेन्डिङ च्याम्पियनको बिल्ला छैन र त्यतिबेला जस्तो विश्वकप जित्न सक्ने शीर्ष पाँच टिमको समूहमा उनीहरूको नाम पनि समावेश छैन।

पछिल्लो पटक गृहमैदानको फाइदा उठाउँदै विश्वकपको सेमीफाइनलसम्म पुगेको दक्षिण कोरिया, विश्वकपमा खासै राम्रो नतिजा निकाल्न नसकेको स्वीटजरल्यान्ड र पहिलो पटक विश्वकपमा छानिएको अफ्रिकी टिम टोगो सम्मिलित समूह 'जी' बाट दोस्रो चरणमा प्रवेश पाउन फ्रान्सका लागि कठिन हुनेछैन।

अफ्रिकी टिम टोगोले सेनेगलसँग चार वर्षअघिको हारको सन्त्रास भने बोकेर आएको छ, फ्रान्सेलीहरूका लागि। जापान-कोरिया विश्वकपको उद्घाटन खेलमै त्यतिबेलाको नवप्रवेशी सेनेगलसँग पराजित भएको फ्रान्स त्यसपछि प्रतियोगिताभर उठ्नै नसक्ने गरी पछारियो, जसका कारण विश्वकप उपाधि रक्षा गर्न त्यहाँ पुगेका फ्रान्सेलीहरू एउटै गोल नगरी पहिलो चरणबाटै घर फर्कन बाध्य भए।

टोगोमात्र होइन, युरोपेली क्षेत्रको छनौट चरणको नतिजा हेर्दा स्वीटजरल्यान्ड पनि फ्रान्सलाई सहजै उम्किन दिने पक्षमा देखिंदैन। एसियाली क्षेत्रमा दक्षिण कोरियाको प्रदर्शनले विश्वभर चर्चा र सम्मान पाइरहेको बेला समूह 'जी' बाट दोस्रो चरणमा पुग्ने होड निकै तीव्र देखिन्छ।

खास गरी आफ्नै छिमेकी स्वीटजरल्यान्डविरुद्ध जुलाई १० मा स्टुटगार्टमा हुने पहिलो चरणको खेल फ्रान्सका लागि सबैभन्दा महत्त्वपूर्ण हुनेछ। युरोपेली क्षेत्रको छनौट चरणको दुवै खेलमा फ्रान्सलाई विजयबाट वञ्चित गर्ने स्वीस टिम यसपटक जित्ने तयारीमा छ।

इतिहासको कुरा मान्ने हो भने सन् १९९८ को विजेता फ्रान्स र गत विश्वकपमा सेमीफाइनल खेल्ने दक्षिण कोरिया यो समूहबाट दोस्रो चरणमा पुग्ने मुख्य दावेदार हुन्। त्यसो त छनौट चरणमा एउटै खेल नहारे पनि प्ले अफमार्फत विश्वकपको यात्रा तय गरेको स्वीटजरल्यान्ड पनि यी दुई टिमभन्दा खासै फरक छैन।

चार वर्षअघिको पीडा बिर्सने प्रयासमा रहेको फ्रान्स यस पटक संयमित देखिन्छ। प्रशिक्षक रेमन्ड डोमिनिकले प्रत्येक प्रतिद्वन्द्वीसँग समान व्यवहार गर्ने बताइसकेका छन्। युरोपेली क्षेत्र समूह 'सी को छनौट चरणमा स्वीस टिमभन्दा अघि रहेर विश्वकप यात्रा तय गरेको फ्रान्सका लागि कप्तान जिनेदिन जिदानको पुनरागमन एउटा सुखद सन्देश हो। युरो २००४ मा टिमको असफलतासँगै अन्तर्राष्ट्रिय फुटबलबाट संन्यास लिएको घोषणा गरेका जिदानले सबैको अनुरोधलाई स्वीकार गरेर विश्वकप २००६ का लागि फ्रान्सलाई सघाउन संन्यास फिर्ता लिएका हुन्। उनीबाहेक पुरानै स्टारहरू लिलियम थुराम तथा क्लाउडियो माकेलेल यसपटक पनि फ्रान्सका महत्त्वपूर्ण सदस्य हुनेछन्।

फ्रान्समै व्यावसायिक फुटबल खेल्ने अलेक्जेन्डर फ्रेइ तथा जोहन भोगेल स्वीस टिमका प्रमुख हतियार हुन्। यी दुवैले फ्रान्सली फुटबल टिमलाई बाहिरबाट मात्र होइन, भित्रैबाट चिनेका छन्।

डच प्रशिक्षक डिक एडभोकेटको प्रशिक्षणमा रहेको दक्षिण कोरियाले विश्वकपको तयारीमा सन्तोषजनक नतिजा निकालेका कारण पनि उनीहरूले चार वर्षअघि जस्तो जर्मनीमा पनि सनसनीखेज नतिजा निकाल्नेमा कोरिया समर्थकहरू विश्वस्त छन्। नेदरल्यान्डलाई सन् १९९४ को विश्वकपको क्वार्टरफाइनल तथा २००४ को युरो कपको सेमीफाइनलमा पुर्‍याएका एडभोकेटले पछिल्लो ९ महिनामा कोरियाली टिममा निकै सुधार गरेका छन्। म्यानचेस्टर युनाइटेडका पार्क जी सुङलाई आफ्नो मुख्य खेलाडीका रूपमा हेर्ने कोरियासँग युरोपेली क्लब फुटबलमा जमेका स्टारहरूको कमी छैन। पहिलो खेल टोगोविरुद्ध खेल्ने तयारीमा रहेको कोरिया चार वर्षअघि इटाली, पोर्चुगल तथा स्पेनजस्ता टिमलाई हराएजस्तो यसपटक फ्रान्सलाई स्तब्ध पार्ने दाउमा छ।

अर्कातर्फ कसैले ध्यान नदिएको टोगोलाई प्रतियोगिताकै सबैभन्दा कमजोर टिमको कोटीमा राख्नेहरूको संख्या धेरै छ। उनीहरूसँग एउटै विश्वस्तरीय खेलाडी छैनन्। छनौट चरणमा ११ गोल गरेर अफ्रिकाभर चर्चा पाएका इमानुएल एडबायेर टिमका मुख्य खेलाडी हुन्।



**फ्रान्स**
**सहभागिता** : सन् १९३०, १९३४, १९३८, १९५४, १९५८, १९६६, १९७८, १९८२, १९८६, १९९८ र २००२
**उपलब्धि** : विजेता सन् १९९०
**स्वीटजरल्यान्ड**
**सहभागिता** : सन् १९३४, १९३८, १९५०, १९५४, १९६२, १९६६ र १९९४
उपलब्धि : क्वार्टरफाइनल सन् १९३४, १९३८ र १९५४
**दक्षिण कोरिया**
**सहभागिता** : सन् १९५४, १९८६, १९९०, १९९४, १९९८ र २००२
**उपलब्धि** : सेमीफाइनल सन् २००२
**टोगो**
पहिलो पटक सहभागी

## समूह जी

**फ्रान्स**
**स्वीटजरल्यान्ड**
**दक्षिण कोरिया**
**टोगो**

## विश्वकप मैदानभित्र



### खेलाडीलाई उत्साहित गर्न पुरस्कार रकममा वृद्धि

युरोपका क्लबहरूमा घानाका खेलाडीहरूको व्यापक माग छ। घानाका खेलाडीहरू पनि यूरोपका क्लबहरूले आफूप्रति राखेको अपेक्षामा खरो उत्रँदै आएका छन् तर घानाका तिनै खेलाडीहरूले पहिलो पटक आफ्नो देशप्रति ठूलो गुण पनि लगाएका छन्। राम्रो खेलाडी भएर पनि विश्वकप फुटबलबाट टाढा हुनुपरेको अनुभव गरिरहेको घाना जर्मनी विश्वकप फुटबलमा आफूलाई पहिलो पटक प्रस्तुत गर्न लागेको छ।

अफ्रिकी मूलका नामी देशहरूलाई पराजित गरेर विश्वकपमा पुगेका कारण अहिले घानाप्रति सबै अफ्रिकी मुलुकको आशा बढेको छ। आफ्ना खेलाडीहरूको मनोबल बढाउन घानाले हालै पहिलो चरण पार गरे खेलाडीहरूलाई २० हजार डलर पुरस्कार दिने घोषणा गरेको छ।

### म्याराडोनाको प्रशिक्षक बन्ने चाहना

सन् १९८६ को विश्वकप फुटबलको उपाधि अर्जेन्टिनालाई दिलाएका डिएगो म्याराडोनाको मनमा खेलिरहेको एउटा कुरा अहिले चर्चामा छ। कोकिनको सेवनका कारण अन्तर्राष्ट्रिय फुटबलबाट निष्कासित भएपछि म्याराडोनाले संन्यास लिएका थिए। हाल विभिन्न खेलकुदका लागि चन्दा संकलन अभियानमा लागेका म्याराडोनाले स्पेनको एक टेलिभिजनलाई अन्तर्वार्ता दिंदै आफ्नो चाहना अर्जेन्टिनाको राष्ट्रिय फुटबल टिमको प्रशिक्षक हुने भएको बताएका छन्। म्याराडोनाले आफ्नो फुटबल क्यारियरबाट सिकेको कुरा खेलाडीहरूसँग बाँड्नु उनको जीवनको अर्को रमाइलो क्षण हुने कुरा बताएका छन्। म्याराडोनाका अनुसार अहिले अर्जेन्टिना ब्राजिलभन्दा केही तल मात्र रहेका कारण उनको प्रशिक्षण पाए अर्जेन्टिनाको स्तर केही माथि उठ्न सक्छ।






### एडिडास जापानप्रति आकर्षित

खेलकुद सामग्री निर्माण गर्ने शीर्षस्थ कम्पनी एडिडासले हालै जापानको फुटबलसँग थप आठ वर्षका लागि प्रचार-प्रसारको अनुबन्ध गरेको छ। यो अनुबन्धअनुसार जापानका राष्ट्रिय खेलाडीहरूले एडिडासद्वारा निर्माण गरिएका जर्सीहरू मात्र लगाउनुपर्नेछ। पछिल्लो सम्झौता सन् २००७ मा समाप्त हुने भएपछि एडिडासले सन् २०१५ सम्मका लागि सम्झौता नवीकरण गरेको हो। यसका लागि एडिडासले जापान फुटबल एसोसिएसनलाई १४ करोड डलर दिनेछ।

# राष्ट्र दुई टिम एक



एउटै विश्वकपमा दुई राष्ट्रको प्रतिनिधित्व गर्न पाउनु र दुवै देशलाई उपाधि जिताउनुको गौरव कस्तो होला ? विश्वकप २००६ को उपाधि सर्बिया एन्ड मोन्टेनेग्रोले जिते प्रशिक्षक इलिजा पेत्कोभिकलाई कस्तो सम्मान प्राप्त होला ?

विश्वकपको ७६ वर्षे इतिहासमा पेत्कोभिक त्यस्ता पहिलो प्रशिक्षक हुन्, जसले एउटै विश्वकपमा दुई देशको संयुक्त टिमलाई प्रशिक्षण दिनेछन्। यसै महिना सम्पन्न जनमत-संग्रहमा मोन्टेनेग्रोका जनताले सर्बियाबाट अलग हुने निर्णय गरे पनि विश्वकपमा भने दुवै देश एक भएर खेल्दैछन्। विश्वकपपछि छुट्टिनुपर्ने भए पनि खेलाडीहरूलाई यसले खासै ठूलो असर पुर्‍याएको छैन, उनीहरूको पूरै ध्यान विश्वकपतर्फ छ। पछि दुई टिम टुक्रिँदासमेत खासै असर पर्ने छैन किनभने मिर्को भिसिनिकबाहेक बाँकी सबै खेलाडीले सर्बियाकै टिमबाट विश्वकपपछि पनि एकसाथ खेल्न पाउनेछन्। इटालीयन सिरी ए क्लब लिसबाट व्यावसायिक फुटबल खेल्ने भिसिनिकले भने मोन्टेनेग्रोको प्रतिनिधित्व गर्नेछन्।

उता मोन्टेनेग्रो क्षेत्रमै जन्मिएका गोलकिपर ड्रागोस्लाभ जेभ्रिकले भने आफूलाई सर्ब बनाइसकेका छन्। 'यतिबेला हामी छुट्टिने होइन, एक हुने बेला हो। हामी विश्वकपमा संयुक्त राष्ट्रिय टिम भएर जान चाहन्छौं,' टिमका कप्तान साभो मिलेसोभिक भन्छन्।

विश्वकप २००६ का लागि समूह 'सी' मा रहेको सर्बिया एन्ड मोन्टेनेग्रोको टिमले पहिलो चरणमा अर्जेन्टिना, नेदरल्यान्ड तथा आइभरीकोस्टको सामना गर्दैछ।

युगोस्लाभियाको नामबाट पछिल्लो पटक १९९८ को विश्वकप खेलेको सर्बिया एन्ड मोन्टेनेग्रोले त्यही नामबाट आठ पटक विश्वकपमा सहभागिता जनाइसकेको छ, तर उनीहरूको नयाँ नाममा भने यो नै पहिलो र अन्तिम विश्वकप हुनेछ। केही गरी टिमले जर्मनीमा विश्वकप ट्रफी उचाल्यो भने अर्को एउटा कुरा के पक्का छ भने सर्बिया एन्ड मोन्टेनेग्रोको नाममा विश्वकप ट्रफीको रक्षा गर्न भने उनीहरू असफल हुनेछन्।

भर्खरै स्वतन्त्र भएको मोन्टेनेग्रोले फिफा र युईफएमा आबद्धता लिन बाँकी नै छ। त्यसैले सन् २००८ को युरोपियन च्याम्पियनसिपका छनौट खेलमा उनीहरूले भाग लिने सम्भावना समाप्त भैसकेको छ। उनीहरूको पहिलो अन्तर्राष्ट्रिय सहभागिता सन् २०१० को दक्षिण अफ्रिका विश्वकपका लागि छनौट चरणका दौरान हुनेछ।



# स्पेनका लागि सजिलो समूह एच

**समूह एच**
**स्पेन**
**युक्रेन**
**साउदी अरेबिया**
**ट्युनिसिया**

समूह 'एच' मा आफ्नो पहिलो चरणको खेलमा नवप्रवेशी युक्रेनसँगै साउदी अरेबिया र ट्युनिसियाको सामना गर्ने तयारीमा रहेको दावेदार स्पेनलाई यसपटक विश्वकप जित्नका लागि धेरै कुराले साथ दिएको छ। ११ औं पटक विश्वकपमा भाग लिइरहेको स्पेनको हाल सम्मको उत्कृष्ट प्रदर्शन १९५० को विश्वकपमा चौथो स्थान हात पार्नु नै हो।

राम्रो हुँदाहुँदै पनि विश्वकपमा राम्रो नतिजा दिन नसकेको स्पेन यसपटक विश्वस्तरीय खेलाडीहरूले भरिपूर्ण छ। पूर्वअफ्रिकी च्याम्पियन ट्युनिसिया, युरोपेली क्षेत्रबाट छनौट हुने पहिलो टिम युक्रेन तथा एसियाली क्षेत्रको छनौट खेलमा सन् २००२ को सेमीफाइनल खेल्ने दक्षिण कोरियालाई हराएको साउदी अरेबियाको तुलनामा स्पेन सबै पक्षमा सशक्त छ। विश्वकप २००६ मा आफ्नो पहिलो खेल जून १४ मा युक्रेनसँग खेल्न लागेको स्पेनका प्रशिक्षक लुइस अरागोनजले सोही खेल आफ्नो चिन्ताको विषय रहेको बताएका छन्।

आर्सनलका सिज फाब्रिगाज तथा रियल म्याड्रिडका जेर्गियो रामोसजस्ता युवा खेलाडी रहेका स्पेनको अग्रपंक्तिलाई राउल गोन्जालेजको मात्र भर पर्नुपर्ने अवस्था छैन। आर्सनललाई युरोपेली च्याम्पियन्स लिगको फाइनलमा पुऱ्याउन महत्वपूर्ण भूमिका खेलेका २० वर्षीय फाब्रिगाजसँगै स्पेनिस लिगमा रियल म्याड्रिडका स्यामुयल इटोपछि सबैभन्दा बढी गोल गर्ने दोस्रो खेलाडी बनेका भ्यालेन्सियाका डेभिड भिल्ला तथा लिभरपुलका जाभी ओलोन्सो रियल म्याड्रिडकै राउल र गोलकिपर इकार कासियास स्पेनका प्रमुख खेलाडी हुन्।



**स्पेन**
**सहभागिता** : सन् १९३४, १९५०, १९६२, १९६६, १९७८, १९८२, १९८६, १९९०, १९९४, १९९८ र २००२
**उपलब्धि** : चौथो स्थान सन् १९५०
**साउदी अरेबिया**
**सहभागिता** : सन् १९९४, १९९८ र २००२
**उपलब्धि** : दोस्रो चरण सन् १९९४
**युक्रेन**
पहिलो पटक सहभागी
**ट्युनिसिया**
**सहभागिता** : सन् १९७८, १९९८ र २००२

विश्वकपका लागि छानिंदा र यतिबेलाको युक्रेनको अवस्थामा निकै ठूलो परिवर्तन आइसकेको छ। युरोपेली च्याम्पियन ग्रीस, डेनमार्क तथा गत विश्वकपमा सेमिफाइनलमा पुगेको टर्कीजस्ता टिम सामेल समूहबाट विश्वकपका लागि छानिनु चानचुने कुरा होइन। इटालियन क्लब एसी मिलानका स्ट्राइकर आन्द्रेइ सेभचेन्को युक्रेनका प्रमुख खेलाडी हुन्।

गत वर्ष कन्फेडेरसन कपमा शशक्त प्रदर्शन गरेको ट्युनिसियाले पनि आफूलाई कम नआँक्न चेतावनी दिएको छ। गत वर्ष जर्मनीमै भएको कन्फेडेरेसन कपमा अर्जेन्टिनालाई कडा टक्कर दिए पनि १ का विरुद्ध २ गोलले पराजित ट्युनिस टिमले अस्ट्रेलियालाई २-० ले हराएको थियो।




| मिति | स्थान | खेल |
|---|---|---|
| १४ जुन | लिपजिग | स्पेनविरुद्ध युक्रेन |
| १४ जुन | म्युनिख | साउदी अरेबियाविरुद्ध ट्युनिसिया |
| १९ जुन | स्टुटगार्ट | साउदी अरेबियाविरुद्ध युक्रेन |
| १९ जुन | म्युनिख | स्पेनविरुद्ध ट्युनिसिया |
| २३ जुन | क्याजरलौटर्न | साउदी अरेबियाविरुद्ध स्पेन |
| १४ जुन | बर्लिन | युक्रेनविरुद्ध ट्युनिसिया |

सन् २००० मा फ्रान्सलाई युरोपियन च्याम्पियन बनाएका प्रशिक्षक रोजर लेमेरेले सन् २००४ मा ट्युनिसियालाई अफ्रिकी च्याम्पियन बनाए। उनले नै टिमलाई जर्मनी यात्रामा साथ दिए। छुट्टाछुट्टै महादेशमा उपाधि जित्ने पहिलो प्रशिक्षक लेमेरेको प्रशिक्षणमा ट्युनिसिया तहल्का मच्चाउने सोचमा छ। यस्तै सन् २००४ को अफ्रिकी नेसन्स कप ट्युनिसियालाई जिताउन प्रमुख भूमिका खेलेका फ्रान्सिलिउदो डोस सान्तोस विश्वकप २००६ मा टिमका मुख्य खेलाडी हुन्।

पछिल्लो विश्वकपमा जर्मनीसँग ८ गोल खाएर निराश बनेको एसियाली टिम साउदी अरेबिया कमसेकम सन् १९९४ विश्वकपको नतिजा दोहोऱ्याउने दाउमा छ। त्यतिबेला दोस्रो चरणमा पुगेर स्वीडेनसँग पराजित भएको साउदी अरेबियाका लागि विश्वकपमा हालसम्मकै सबैभन्दा उत्कृष्ट नतिजा त्यही हो।

पहिलो सहभागितामै दोस्रो चरणमा पुगेको टिम त्यसपछिका विश्वकपमा एउटा पनि खेल जित्न असफल भएको छ, जसमा पाँच हार सामेल छन्। १२ वर्षमा १५ प्रशिक्षक परिवर्तन गरिसकेको साउदी यस्तो टिम हो जोसँग आफ्नो देशबाहिर व्यावसायिक फुटबल खेल्ने एउटै खेलाडी छैनन्। सन् १९९४ को विश्वकपदेखि टिममा नियमित स्थान बनाउँदै आएका भेट्रान फरवार्ड समी अल जाबेर उनीहरूका मुख्य खेलाडी हुन्। एसियाका पूर्व वर्ष खेलाडी नवाफ अल टेम्याट, हमाद अल मोन्टसारी साउदी अरेबियाका अन्य आशालाग्दा खेलाडी हुन्।

## विश्वकप मैदानबाहिर

### कीर्तिमान रकम अस्वीकार



फ्रान्सका स्ट्राइकर थिएरी हेनरीका निम्ति स्पेनिस क्लबले राखेको कीर्तिमान रकम उनी आबद्ध क्लब आर्सनलले अस्वीकार गरेको छ। इङ्लिस प्रिमियर लिगका गोल मेसिन मानिने हेनरीलाई आ-आफ्नो क्लबमा भिœयाउन बार्सिलोना र रियल म्याड्रिडले ५ करोड पाउन्डको प्रस्ताव राखेका थिए। आर्सनलका उप-प्रमुख डेबिड डेन भन्छन्- 'कीर्तिमान रकम लिएर हेनरीलाई अर्को क्लबमा पठाउने प्रस्ताव हामीले अस्वीकार गऱ्यौं, किनभने हेनरी बिक्रीका लागि होइनन्।'

स्पेनिस क्लबहरूको प्रस्ताव आर्सनलले स्वीकार गरेको भए ४ करोड ७० लाख पाउन्ड मूल्य चुकाएर रियल म्याड्रिडमा गएका जिनेदिन जिदानको कीर्तिमान तोडिने थियो। सन् १९९९ को अगस्टमा १ करोड ५ लाख पाउन्डमा इटालिको क्लब युभेन्टसबाट आर्सनलसँग अनुबन्धित भएपछि हेनरीले उक्त क्लबका निम्ति अहिले सम्मकै सर्वाधिक गोल गरेका छन्।

### यौनकर्मी पक्राउ

आयोजकहरू विश्वकप सफलतापूर्वक आयोजना गरेर फाइदा उठाउने दाउमा छन् भने स्थानीय व्यापारीहरू सामान बेचेर धन आर्जन गर्ने मौका पर्खिरहेका छन्। अहिले जर्मनीमा सबैको ध्यान केही न केही फाइदा गर्ने नै छ। यही मेसोमा विभिन्न देशका यौनकर्मीले आफ्नो व्यापार बढाउन जर्मनीलाई लक्ष्य बनाएका छन्। जर्मनीले विश्वकप फुटबल प्रतियोगिता आयोजना गर्ने क्रममा विभिन्न स्थानमा आधिकारिक वेश्यालय सञ्चालन गर्न अनुमति दिएको छ। जर्मनीले कानुनी रूपमा वेश्यालय सञ्चालन गर्न अनुमतिसमेत दिइसकेको छ। यस्तो सुविधाका बाबजुद पनि विभिन्न राष्ट्रबाट गैरकानुनी रूपमा आएका यौनकर्मीले जर्मन प्रहरीलाई हैरान बनाउन थालेका छन्। यही क्रममा जर्मन प्रहरीले हालै विभिन्न चार स्थानमा छापा मारेर एक सयभन्दा बढी यौनकर्मीलाई पक्राउ गरेको छ।

### रोनाल्डिन्होको ओछ्यानमा सुत्ने हो ?

के तपाईंलाई रोनाल्डिन्हो सुतेको ओछ्यानमा सुत्ने रहर जागेको छ ? यदि तपाईंले रोनाल्डिन्होको लोकप्रियतालाई बुझ्नुभएको छ भने पक्कै पनि तपाईंलाई उनी सुतेको ओछ्यानमा सुत्ने रहर हुनुपर्छ। यदि छ भने www.ebay.ch मा छलफल गरेर चर्चित खेलाडीहरू बसेको कोठामा सुत्नका लागि इन्टरनेटमार्फत बोलकबोल आह्वान गरेका हुन्। लिलामका लागि लोकप्रिय वेबसाइट www.ebay.ch मा दर्ता भएको लगत्तै रोनाल्डिन्हो सुतेको कोठाको मूल्य एक रातका



लागि ३० हजार १ सय २० रुपैयाँमा लिलाम भएको छ। उक्त होटलले ब्राजिलका अरू चर्चित खेलाडी बसेको कोठालाई पनि लिलाममार्फत बिक्रीका लागि आह्वान गरेको थियो तर रोनाल्डो, काका, एड्रियानो र रोबर्टो कार्लोसका कोठा रोनाल्डिन्होको भन्दा ५ हजार रुपैयाँ कम पाए। लगइन हुनुहोस्। अहिले ब्राजिलका खेलाडीहरू विश्वकप फुटबलको पूर्वसन्ध्यामा अभ्यास खेल खेल्न स्वीजरल्यान्डमा छन्। अभ्यास खेलका क्रममा उनीहरू एउटा आरामदायी होटलमा छन्। ब्राजिलियन टिम बस्ने होटल बुक भएपछि होटल व्यवस्थापनले सामान्य

## विश्व कपको मूल्य




विश्वकप सुरु हुन दुई साता बाँकी रहँदा सबैजसो टिकट बुकिङ तथा बिक्री भैसकेका छन्। गत डिसेम्बरदेखि सुरु भएको टिकट बुकिङ कार्य विश्वकप सुरु हुने दिनसम्म कायम रहने भनिए पनि अब टिकट पाउन निकै मुस्किल पर्ने बताइएको छ।

यस पटक रंगशालालाई चार श्रेणीमा विभाजन गरेर टिकटको मूल्य निर्धारण गरिएको छ, सबैभन्दा सस्तो टिकट लिनेले ३ हजार ३ सय ९० रुपैयाँ तिर्नुपर्नेछ भने फाइनल खेलमा सबैभन्दा महँगो टिकटको मूल्य ५६ हजार ३ सय ७० रुपैयाँ हुनेछ।

टिकट बिक्रीका लागि स्थान विभाजन गर्दा मैदानको लम्बाइतर्फ दुवैतिरको सिटलाई पहिलो श्रेणी, रंगशालाको चारवटा कुनामा रहेका सिटलाई दोस्रो श्रेणी, दुवै गोल पोस्टको पछाडिपट्टि रंगशालाको माथिल्लो तलालाई तेस्रो श्रेणी र दुवै गोल पोस्टको पछाडि तल्लो तलालाई चौथो श्रेणीमा वर्गीकरण गरिएको छ।

टिकटको मूल्य खेलको स्तर हेरेर निर्धारण गरिएको छ। जसअनुरूप उद्घाटन खेलमा पहिलो श्रेणीको टिकट मूल्य २८ हजार १ सय ८५ रुपैयाँ छ भने चौथो श्रेणीको टिकटको मूल्य ६ हजार १ सय ६ रुपैयाँ छ।

प्रतियोगितामा सबैभन्दा सस्तो दरको टिकटको मूल्य पहिलो चरणका लागि तोकिएको छ। यो चरणमा दर्शकहरूले ३ हजार २ सय ९० रुपैयाँदेखि ९ हजार ४ सयसम्म तिर्नुपर्नेछ।

दोस्रो चरणका लागि प्रत्येक टिकटको मूल्य पहिलो चरणमा भन्दा २ सय देखि १ हजार रुपैयाँसम्म बढी छ। यसैगरी क्वार्टरफाइनलका लागि ५ हजार १ सय ६८ रुपैयाँदेखि १६ हजार ९ सय ११ रुपैयाँ सम्म तिर्नुपर्नेछ। सेमीफाइनलका लागि सबैभन्दा महँगो टिकट ३७ हजार ५ सय ८० रुपैयाँको हुनेछ भने सबैभन्दा सस्तो टिकटको मूल्य ८ हजार ४ सय ५५ रुपैयाँ हुनेछ। यस्तै तेस्रो स्थानका लागि हुने खेलको टिकटको मूल्य दोस्रो चरणको टिकटको मूल्यसरह तोकिएको छ।

दोस्रो चरणको सबैभन्दा महँगो र जून ९ मा बर्लिनमा हुने फाइनल खेलको सबैभन्दा सस्तो टिकटको मूल्य बराबर छ। प्रतियोगिताभर सबैभन्दा महँगो टिकट फाइनलमै हुनेछ। पहिलो, दोस्रो तथा तेस्रो श्रेणीको टिकटको मूल्य क्रमशः ५६ हजार ३ सय ७०, ३३ हजार ८ सय २२ र २० हजार ६ सय ६९ रुपैयाँ तोकिएको छ।

टिकट बुकिङ गर्न इन्टरनेटको प्रयोग गर्नेहरूको संख्या सबैभन्दा बढी छ। इन्टरनेटबाट टिकट बुक गर्नेहरूले विश्वकपको आधिकारिक क्रेडिट कार्ड मास्टर कार्डबाट मात्र रकम भुक्तानी गर्न सक्छन्।

**टिकटको मूल्य**

| खेल | पहिलो श्रेणी | दोस्रो श्रेणी | तेस्रो श्रेणी | चौथो श्रेणी |
|---|---|---|---|---|
| उद्घाटन | २८१८५ | १५०३२ | १०८०४ | ६१०६ |
| पहिलो चरण | ९३९५ | ५६३७ | ४२३० | ३२९० |
| दोस्रो चरण | ११२७४ | ७०५० | ५६३७ | ४२३० |
| क्वार्टरफाइनल | १६९११ | १०३३५ | ७९८५ | ५१६८ |
| सेमीफाइनल | ३७५८० | २२५४८ | १४०९२ | ८४५५ |
| तेस्रो स्थान | ११२७४ | ७०५० | ५६३७ | ४२३० |
| फाइनल | ५६३७० | ३३८२२ | २०६६९ | ११२७४ |

(शुल्क नेपाली रुपैयाँमा)




# अतिरिक्त समयको सिकार

फुटबल ९० मिनेटको खेल हो, तर उक्त अवधिसम्म बराबरी भए नकआउट चरणमा अतिरिक्त ३० मिनेट समय थपेर खेलको छिनोफानो गरिन्छ । अतिरिक्त समय कौतूहलले भरिपूर्ण मात्र हुँदैन, जित्ने टिमलाई भाग्यमानी र पराजित हुने टिमलाई अभागी मानिन्छ । विश्वकप फुटबलको इतिहासमा अतिरिक्त समयमा धेरै आश्चर्यजनक नतिजा निस्किएका छन् ।

**सन् १९५४ : हंगेरीविरुद्ध उरुग्वे**

साबिक विजेता उरुग्वे उपाधि रक्षाको दौडमा उत्कृष्ट फर्ममा थियो । सेमीफाइनलमा जोल्टन सिबेर र नान्दोर हिडेज्कुटीको गोलले हंगेरी शून्यका विरुद्ध दुई गोलले अगाडि थियो । उरुग्वेका जुवान इडुडो होबर्गले ७६ र ८७ औं मिनेटमा गोल फर्काउँदै खेल दुई-दुई गोलको बराबरीमा पुऱ्याए । भिक्टोर आन्द्रेद घाइते भएर बाहिरिँदा १० जनामा सीमित भए पनि सान्दोर काक्सिसले अतिरिक्त समायमा दुई गोल ठोक्दै हंगेरीलाई फाइनल पुऱ्याए । हंगेरीको उक्त टिम हालसम्मकै सर्वोत्कृष्ट मानिन्छ ।

**सन् १९६६ : इङ्ल्यान्डविरुद्ध पश्चिम जर्मनी**

आठौं विश्वकप फुटबलको फाइनललाई इतिहासकै सर्वोत्कृष्ट खेल मानिन्छ । ह्यालरले जर्मनीलाई अग्रता दिलाए पनि इङ्ल्यान्डको ज्योफ हर्स्टको गोलले पूर्वार्द्ध एक-एकको रोमाञ्चक बराबरीमै सकियो । मार्टिन पिटर्सले इङ्ल्यान्डलाई एकका विरुद्ध दुई गोलको अग्रता दिलाए । जर्मनीका बुल्कगाङ वेबरले अन्तिम समयमा गोल फर्काउँदै ९० मिनेटको समय बराबरीमै टुङ्ग्याए । हर्स्टको १० दसौं मिनेटको विवादास्पद गोलसँगै घरेलु मैदानमा इङ्ल्यान्ड दुईका विरुद्ध तीन गोलले अघि बढ्यो । हर्स्टले जोडदार रूपमा प्रहार गरेको बल गोलपोस्टको बारमा लागेर भुइँमा ठोक्किएको थियो । जर्मन वेबरले हेड गर्दै बल क्लियर गरे पनि स्वीस रेफ्री डाइस्टले लाइन्स्म्यानसँगको परामर्शपछि गोलको मान्यता दिए । हर्स्टले ह्याट्रिक पूरा गर्दै वेम्बलीमा इङ्ल्यान्डलाई विश्वकप उपाधि जिताए ।

**सन् १९७० : पश्चिम जर्मनीविरुद्ध इङ्ल्यान्ड**

पश्चिम जर्मनी लियोनको ५० डिग्री सेल्सीयस तापक्रममा चार वर्षअघिको फाइनलको बदला लिन आतुर थियो । क्वार्टरफाइनल जित्दै फेरि विश्वकप उचाल्ने कुरामा इङ्ल्यान्ड आशावादी थियो । एलान मुलरी र मार्टिन पिटर्सले गोल गर्दै साविक विजेता इङ्ल्यान्डलाई शून्यका विरुद्ध दुई गोलको अग्रता दिलाए । प्रशिक्षक आल्फ राम्सी इङ्ल्यान्डको जितमा ढुक्क भए । सेमीफाइनलका निम्ति आराम दिने सोचाइले उनले प्लेमेकर बबी चार्ल्टनलाई परिवर्तन गरी मैदानबाहिर निकाले । उनको त्यो योजना घातक बन्यो । चार्ल्टन निस्किएको केही मिनेटमै जर्मनीका फ्रेन्ज बेकेनबाउर र उवे मिलरले गोल फर्काउँदै खेललाई दुई-दुई गोलको बराबरीमा पुऱ्याए । अग्ला जर्मनहरूका निम्ति गर्ड म्युलरले अतिरिक्त समयमा गोल गर्दै इङ्ल्यान्डको विश्वकप यात्रा टुङ्ग्याए ।

**सन् १९७० : इटलीविरुद्ध जर्मनी**

नवौं विश्वकप फुटबलको पहिलो सेमीफाइनल नाटकीय रह्यो । इटली र जर्मनीबीचको उक्त खेल शताब्दीकै उत्कृष्ट खेलका रूपमा प्रख्यात छ । रोबर्टो बेसिसेङ्गाले सातौं मिनेटमै इटलीलाई अग्रता दिलाए । अन्तिम समयमा जर्मनका हेन्ज स्नेलिनरले गोल फर्काउँदै खेल अतिरिक्त समयमा पुऱ्याए । आफ्नो भाँचिएको काँध हातसँगै शरीरमा बाँधेर बहादुरीपूर्वक खेल्दै बेकेनबाउरले जर्मनीको मनोबल उच्च पारेका थिए । अतिरिक्त समयमा दुवै टिमले पालैपालो गोल गर्दै अग्रता हासिल गरे । ३० मिनेटमा ५ गोल सम्भव भएको खेल सकिन २ मिनेट बाँकी छँदा जियान्नी रिभेराले गोल गरेपछि इटली विजयी भयो ।



**विश्वकप फुटबल अर्को शुक्रबारदेखि**

**सन् १९७८ : अर्जेन्टिनाविरुद्ध हल्यान्ड**

प्रमुख खेलाडी योहान क्रुफु अनुपस्थित रहे पनि उत्कृष्ट प्रदर्शन गर्दै हल्यान्ड लगातार दोस्रोपल्ट फाइनल प्रवेश गरेको थियो । 'फलहरूको फाइनल'का रूपमा प्रख्यात खेलको पूर्वार्द्धमा डानियल बेर्तोनीको गोलले अर्जेन्टिनाले अग्रता लियो । डिक नानिन्जाले उत्तरार्धमा गोल फकाउँदै डच टोलीलाई ८२ औं मिनेटमा बराबरीमा पुऱ्याए । एघारौं विश्वकपका सर्वाधिक गोलकर्ता मारियो केम्पसले १ सय ५ र १ सय १५ औं मिनेटमा गोल ठोक्दै अर्जेन्टिनालाई पहिलोपल्ट विश्वकप उपाधि दिलाए ।

**सन् १९८२ : पश्चिम जर्मनीविरुद्ध फ्रान्स**

बाह्रौं विश्वकपको सेमीफाइनमा पियरे लिटबर्सकीको गोलको मद्दत १७ औं मिनेटमै जर्मनीले अग्रता लिए पनि मिसेल प्लाटिनीले प्राप्त पेनाल्टीमा गोल फर्काउँदै फ्रान्सले निर्धारित समय एक-एक गोलको बराबरीमा रोक्यो । अतिरिक्त समयमा मारियस ट्रेजर तथा अलाइन जिरेसेले एक-एक गोल गर्दै फ्रान्सलाई एकका विरुद्ध तीन गोलको अग्रता दिलाए । तर उत्कृष्ट टिम स्पिरिट प्रदर्शन गर्दै खेलमा फर्किएका जर्मनहरूले आश्चर्यजनक रूपमा खेल बराबरीमा पुऱ्याए । कार्ल हेन्ज रुमेनिज र क्लाउस फिस्चरले जर्मनीका लागि गोल गरेका थिए । विश्वकप फुटबलको इतिहासमा पहिलोपल्ट खेल पेनाल्टी सुटआउटमा पुग्यो, जसमा जर्मनी चारका विरुद्ध पाँच गोलले विजयी भयो ।

**सन् १९८६ : बेल्जियमविरुद्ध सोभियत संघ**

बेल्जियम र सोभयतसंघबीच प्रि-क्वार्टरफाइन खेल खराब मौसमका बाबजुद पनि रोमान्चक रह्यो । इगोर बेलानोभले दुई गोल गरेपछि सोभियत संघ शून्यका विरुद्ध दुई गोलले अघि बढ्यो । ७८ औं मिनेटपछि बेल्जियममा इन्जो सिफो र जान सुलेमानले एक-एक गोल गर्दै बराबरी गरेकाले नाटकीय रूपमा खेल अतिरिक्त समयतर्फ लम्बिएको थियो । अतिरिक्त समयमा स्टेफेन डेमोल र निको क्लेजरले गोल गर्दै बेल्जियमको जित निश्चित पारे । बेलानोभले एक गोल फर्काए पनि सोभियत संघको हार टार्न सकेनन् ।

**सन् १९८६ :फ्रान्सविरुद्ध ब्राजिल**

साविक विजेता इटलीलाई पराजित गरेको फ्रान्सले ब्राजिलविरुद्ध अविस्मरणीय प्रदर्शन गऱ्यो । फ्रेन्च उचाइ र ब्राजिलियन कलाबीचको खेल एक-एक गोलको बराबरी रहेको स्थितिमा ब्राजिलले पेनाल्टी प्रहार गर्ने मौका प्राप्त गऱ्यो, तर जिकोले प्रहार गरेको पेनाल्टी फ्रेन्च गोलकिपर जोयल ब्याट्सले विफल तुल्याए । जिको नायकबाट एकाएक खलनायक भए । अतिरिक्त समयमा कुनै गोल नभएपछि पेनाल्टी सुटआउटमा फ्रान्स तीनका विरुद्ध चार गोलले विजयी भयो ।

**सन् १९९० : इङ्ल्यान्डविरुद्ध क्यामरुन**

उद्घाटन खेलमा साविक विजेता अर्जेन्टिनालाई स्तब्ध पारेको क्यामरुनले क्वार्टरफाइनमा इङ्ल्यान्डविरुद्ध उत्कृष्ट खेल दोहोऱ्यायो । इङ्ल्यान्डका निम्ति डेविड प्लाटले सुरुमै गोल गरे पनि प्राप्त पेनाल्टीमा बूढो बाघ रोजर मिल्ला र इजेने हकेकेको गोलले क्यामरुनले एकका विरुद्ध दुई गोलको आश्चर्यजनक अग्रता लिँदा इङ्ल्यान्डले तीतो नजिताको सामना गर्नुपर्ने अनुमान धेरैले गरेका थिए । खेल सकिन आठ मिनेट बाँकी हुँदा पेनाल्टीमा ग्यारी लिनेकरले बराबरीका निम्ति गोल गरेर इङ्ल्यान्डको आशा जीवितै पारे । अतिरिक्त समयमा रेफ्रीले इङ्ल्यान्डको पक्षमा पेनाल्टीको अवसर दिए, जसलाई लिनेकरले गोलमा परिणत गर्दै क्यामरुनलाई बिदाइ गरे ।

**सन् १९९० : जर्मनीविरुद्ध इङ्ल्यान्ड**

पारम्परिक प्रतिद्वन्द्वी जर्मनी र इङ्ल्यान्डको सेमीफाइनल भेट सनसनीपूर्ण रह्यो । एन्डी ब्रेहमीको गोलले जर्मनीले एक गोलले अग्रता लियो, तर गेरी लिनेकरले खेल सकिन दस मिनेट बाँकी हुँदा गोल फर्काउँदै इङ्ल्यान्डलाई ब्युँत्याए । अतिरिक्त समयमा गोल हुन सकेन । इङ्ल्यान्डका स्टुवार्ट पर्सी र क्रिस वाड्लेको प्रहार पेनाल्टी सुटआउटमा असफल भएकाले जर्मनी तीनका विरुद्ध चार गोलले विजयी हुँदै फाइनलमा पुग्यो । जर्मनीले अर्जेन्टिनालाई शून्यका विरुद्ध एक गोलले पराजित गर्दै तेस्रोपल्ट विश्वकप उपाधि चुमेको थियो ।

**सन् १९९८ : ब्राजिलविरुद्ध हल्यान्ड**

ब्राजिल र हल्यान्डबीचको पहिलो सेमीफाइनल खेल १६ औं विश्वकप फुटबलकै उत्कृष्ट खेल मानिन्छ । भिन्न शैलीको फुटबल खेल्ने दुई टिमको खेल सनसनीपूर्ण रह्यो । ब्राजिलियन कला र उत्कृष्ट डच टिम वर्कबीचको खेलमा रोनाल्डोले गोल गर्दै साविक विजेता ब्राजिललाई अग्रता दिलाए । डच स्ट्राइकर प्याट्रिक क्लाइभर्टले ८६ औं मिनेटमा गोल गर्दै खेल एक-एक गोलको बराबरीमा ल्याए । अतिरिक्त समयमा गोल हुन सकेन । पेनाल्टी सुटआउटमा ब्राजिलले हल्याण्डलाई दुईका विरुद्ध चार गोलले पराजित गर्दै फाइनलमा प्रवेश गऱ्यो ।

**सन् २००२ : दक्षिण कोरियाविरुद्ध इटली**

अठारौं विश्वकपको सह-आयोजक दक्षिण कोरियाविरुद्धको प्रि-क्वार्टरफाइनल खेल इटालियनका निम्ति बिर्सनलायक रह्यो । आन जुङ हवानको पेनाल्टी प्रहार गोलरक्षक बुफोनले असफल पारेको लगत्तै क्रिश्चियन भियरीले १८ औं मिनेटमै इटलीलाई अग्रता दिलाए । इटली क्वार्टरफाइनल यात्रा गर्ने कुरामा ढुक्क थियो, तर खेल सकिन मात्र दुई मिनेट बाँकी छँदा सोल कि-हयोनले बललाई जाली चुमाउँदै रेड डेभिल्सलाई एक-एक गोलको बराबरीमा पुऱ्याए । कप्तान फ्रान्सेस्को टोट्टी अतिरक्ति समयमा रातो कार्डको दर्शन गर्दै मैदानबाट बाहिरिएपछि इटली संकटमा पऱ्यो । गोल्डेन गोलको समय सकिनु ३ मिनेटअगावै आन जुङ ह्वानले हेडद्वारा दर्शनीय गोल गर्दै दक्षिण कोरियालाई सेमीफाइनलतर्फ डोऱ्याए ।

-राजु घिसिङ

कक्षा ८ वा ९ पास तथा ९ वा Test / SLC फेल भएकाहरूको लागि
प्राईभेट Test/SLC
- विगत वर्षको अपार सफलता
- Science र Math को लागि Visual Lab
- English and Nepali Medium
- तपाईंकै Mind Power अनुसारका कक्षा
निम्न शुल्कमा भर्ना
- कक्षा समय: विहान, दिउँसो
- Free English Language Classes
- कक्षा ९ र १० को पाठ्यवस्तु १ वर्षमै पढाईने

| लगनखेल | गोंगबु | चावहिल |
|---|---|---|
| Third Vision Academy | Buddha Academy | Bright Future Institute |
| 2121717, 9841268267 | 4383927 , 9851010974 | 4463073, 9851002804 |
| मच्छिन्द्र मीनी मार्केटको अगाडि | गोंगबु चौक (गणेशथान जाने बाटो) | |

Prepare TOEFL at
ETS AUTHORIZED
TOEFL® iBT CENTER




City Education Consultants
Saree Palace Building, Putalisadak
Hotel Canary, Bagbazar
Tel. : 4248313

प्राइभेट Test /SLC
+ English language/ Basic Computer Course
UNIVERSAL
EDUCATION FOUNDATION

निःशुल्क भर्ना खुल्यो !
Private Test/SLC 063
COSSET EDU.CENTER
Tel: 2160736




## अतिथि कलम

# खेलाडीहरूको मात्र खेल होइन फुटबल



**महेश्वर मुल्मी**
मुख्य सहायक प्रशिक्षक राष्ट्रिय फुटबल टिम

विश्वकप फुटबलमा आयोजकले छनौट चरणविना सोझै फाइनल चरणमा प्रवेश पाउने हुनाले विश्वकप अगाडि उनीहरूको प्रदर्शन राम्रो नहुने अनुमान बढी गरिन्छ, तर पछिल्ला केही विश्वकपलाई हेर्ने हो भने आयोजकले राम्रो नतिजा ल्याएको देखिन्छ। यो सफलताको पछाडि आयोजक हुनुका विभिन्न फाइदा पनि जोडिएको पाइन्छ। फुटबलमा मात्र होइन, अन्य खेलमा पनि गृहमैदानले थाहा नपाउने किसिमले खेलाडीहरूलाई सहयोग गरिरहेको हुन्छ। विश्वकप फुटबल प्रतियोगिताका पछिल्ला केही प्रतियोगिता हेर्ने हो भने यो कुराको पुष्टि हुन्छ।

सन् १९९८ र सन् २००२ को विश्वकप फुटबललाई तुलना गर्ने हो भने फ्रान्स तुलनात्मक रूपमा केही बलियो थियो, जसले आफ्नो गृहमैदानको फाइदा उठायो र विश्वकप नै जित्यो। दक्षिण कोरियाले विश्वकपमा पहिलो चरण पार गर्न सकेको थिएन, तर आफू आयोजक हुँदा उसले सेमिफाइनलसम्मको यात्रा तय गर्‍यो।

यसपटक विश्वकप फुटबलमा जर्मनीले पनि फ्रान्सले आफ्नो गृहमैदानमा उठाएको जस्तो फाइदा उठाउन सक्छ। टेक्निकल र ट्याक्टिकल रूपमा हेर्दा जर्मनी माथिल्लो दर्जामै आउँछ। विश्वकप फुटबलमा सहभागी हुने खेलाडी तथा राष्ट्रहरू १९/२० नै हुन्छन्। त्यहाँ केवल मौका र दर्शकको प्रेरणाको आवश्यकता मात्र हुन्छ। मेरो विचारमा यिनै कारणले जर्मनीले यसपटक बढी फाइदा उठाउन सक्नेछ।

घरेलु दर्शकको समर्थनमा जर्मन खेलाडीहरूले एकातर्फ सबैभन्दा बढी फाइदा उठाउनेछन् भने अर्कातर्फ खेलाडीहरू मैदानको स्थितिका सम्बन्धमा पूर्ण जानकार भएका कारण थप फाइदा उठाउन सक्नेछन्। मैले जर्मनीको स्पोर्ट्स ट्रेनिङ शैलीलाई केही नजिकबाट नियाल्ने अवसर पाएको छु। उनीहरूको ट्रेनिङ स्किल विश्वमै राम्रो मानिन्छ। यसबाहेक विश्वकप फुटबल आयोजक समितिका फ्रेन्ज ब्रेकनबाउर आफैं पनि विश्वकप जित्ने टिमका सदस्य हुन्, उनले यसपटक जर्मनीलाई गृहमैदानमा विश्वकप जिताउन भरमग्दुर प्रयास गर्नेछन्। बेकनबाउर खेलाडी हुँदा देशवासीसँग बाँडेको खुसीयाली यसपटक पदाधिकारी भएर बाँड्ने चाहनामा छन्।

यो विश्वकप फुटबलमा सहभागी भएका ३२ राष्ट्रमध्ये उपाधि जित्ने बढी सम्भावना ब्राजिल, अर्जेन्टिना तथा इङ्ल्यान्डको भएको मानिँदै आएको छ। विश्वकप फुटबल बढी पटक जितेको मात्र नभएर ब्राजिलियन टिममा रहेका खेलाडीहरूको व्यक्तिगत क्षमताका आधारमा पनि ब्राजिल सधैं विश्वकप जित्ने पहिलो रोजाइको राष्ट्र हुने गरेको छ। त्यसपछि अर्को ल्याटिन अमेरिकी राष्ट्र अर्जेन्टिनाको नाम आउने गरेको छ। युरोपबाट भने इङ्ल्यान्डको नाम अग्रपंक्तिमा आउँछ, किनभने इङ्लिस खेलाडीहरू अन्तर्राष्ट्रिय फुटबलमा बढी ग्ल्यामरस मानिन्छन्। युरोप फुटबलका लागि व्यावसायिक खेल प्रदर्शन गर्ने राम्रो थलो हो। युरोपका विभिन्न प्रतियोगिता हेरेर नै खेलाडीहरूको स्तर जाँच गर्न सकिन्छ। यही आधारमा अहिले विश्वकप फुटबलमा के-कस्तो नतिजा आउँछ भन्ने अनुमान गर्न थालिएको छ।

क्लब स्तरमा विभिन्न देशका खेलाडीहरूसँग टिम गेम खेल्ने बानी परेका खेलाडीहरूले विश्वकपमा भने आफ्ना राष्ट्रका खेलाडीहरूसँग तालमेल मिलाउनुपर्ने हुन्छ। यो कार्यले अन्य राष्ट्रका खेलाडीहरूलाई केही असजिलो भए पनि पूर्ण रूपमा व्यावसायिक खेलाडीहरूलाई भने सजिलो नै हुन्छ।

युरोपमा आयोजना हुने लिग प्रतियोगिता ६ महिनाभन्दा बढी चल्ने हुनाले त्यस्ता प्रतियोगितामा खेलाडीहरूले आफ्नो व्यक्तिगत प्रदर्शनलाई उत्कर्षमा पुर्‍याउने पर्याप्त अवसर पाउँछन्, तर विश्वकपमा प्रतिस्पर्धा गर्ने अवसर थोरै हुने र त्यो अवसरलाई पर्याप्त सदुपयोग गर्नुपर्ने हुनाले प्रशिक्षकले टिम गेमकै रणनीति बनाउनुपर्ने हुन्छ। तर पनि कहिलेकाहीं खेलाडीहरूले अद्भुत क्षमता प्रदर्शन गर्छन्, जसले खेललाई थप रोमाञ्चक बनाउँछ।

विश्वकप फुटबलमा कहिलेकाहीं कुनै खेलाडीले रोमाञ्चक प्रदर्शन किन गर्छन् भने उसलाई आफ्नो व्यापार बढाउनु पनि हुन्छ। त्यो अवस्थामा उसको योगदान टिमको सफलताका लागि भए पनि यसको फाइदा उसले विश्वकपपछि विभिन्न क्लबसँग आफूलाई बढाबढ गरेर पाउँछ। फुटबलमा देशका तर्फबाट खेल्दा कमै आर्थिक लाभ हुने गरेको छ, तर विश्वकपमा भने त्यस्तो छैन। पछिल्लो पटक देखिएको ट्रेन्डलाई हेर्ने हो भने अधिकांश राष्ट्रले आफ्नो टिमले विश्वकप जिते आकर्षक रकम पुरस्कार दिने घोषणा गर्ने गरेका छन्। यो पुरस्कार राशि जति भए पनि यो सफलताबाट प्राप्त हुने मुख्य फाइदा भनेको क्लबस्तरमा माग बढ्नु नै हो।

विगत केही वर्षदेखि विश्वको ट्रेन्डलाई हेर्ने हो भने प्रतियोगिताको समयमा प्रशिक्षकसहित १२ जना खेलाडीले मैदानमा प्रतिस्पर्धा गरिरहेका हुन्छन्। ११ जना खेलाडीले बल खेलाउन पाउँछन् भने प्रशिक्षकले लगातार रणनीति बनाइरहेको हुन्छ। विश्वकप फुटबलले प्रशिक्षकहरूलाई पनि लाइमलाइटमा ल्याएको छ भने कोच पनि खेलाडीहरूझैं चर्चामा आउन थालेका छन्। अहिले कुन टिममा कुन खेलाडी छन् भन्ने कुरा जति महत्त्वपूर्ण हुन्छ त्यत्तिनै महत्त्वपूर्ण प्रशिक्षकका बारेमा पनि हुन्छ।

विश्वकप फुटबलका क्रममा अफ्रिकी राष्ट्रले पहिलो खेलमा उत्कृष्ट प्रदर्शन गर्दै आएका छन्। यस्तो प्रदर्शनलाई उनीहरू अर्को खेलमा दोहोर्‍याउन सक्दैनन्। अफ्रिकी खेलाडीहरू कुनै पनि खेलमा राम्रो प्रदर्शन गरेर युरोपका कुनै पनि क्लबमा मोटो रकममा अनुबन्धित हुने उद्देश्यमा हुन्छन् तर अफ्रिकी खेलाडीहरूको यस्तो चाहनालाई एसियाली खेलाडीहरूले कमै पच्छ्याएका छन्। एसिया र अफ्रिकामा खेलाडीहरूले खासै राम्रो रकम पाउँदैनन्। पारिश्रमिक कम पाउने समस्या ल्याटिन अमेरिकी राष्ट्रमा पनि छ। फलस्वरूप युरोप नै सबै खेलाडीको मुख्य गन्तव्य हुने गरेको छ। यही भएर अफ्रिकी खेलाडीहरू विश्वकपमा व्यक्तिगत शैलीमा फुटबल खेल्छन्।

फुटबलका क्षेत्रमा कमजोर हाम्रोजस्तो राष्ट्रका लागि, विश्वकप फुटबल मात्र नभएर युरोपमा आयोजना हुने लिगदेखि युरोपियन कप पनि प्रेरणादायी हुनुपर्ने हो। हामीले यस्ता प्रतियोगिताबाट धेरै कुरा सिक्ने ठाउँ छ। कुनै बेला उनीहरूको खेलको स्तर पनि हाम्रो जस्तै थियो, तर उनीहरू कहाँ पुगेका छन् ? यो सफलता नै हाम्रा लागि अनुकरणीय हो। हामीले यस्ता प्रतियोगिताबाट धेरै कुरा सिक्न सक्छौं। जस्तो खेलाडी र प्रशिक्षकहरू एक ठाउँमा बसेर प्रतियोगिता हेर्दा मैदानभित्रका धेरै कुरा सिक्ने अवसर पाइन्छ। यसमा संघ पनि सहभागी भयो भने फुटबलको विकासका लागि के-के गर्नुपर्छ, रेफ्रिले हेर्दा कस्तो किसिमको निर्णय कुन अवस्थामा गर्नुपर्छ आदि-इत्यादि विषयमा छलफल गर्न पाइन्छ। यस्ता प्रतियोगिता हाम्रो जस्तो देशका लागि सबै कोणबाट उपयुक्त हुन्छन्। हामी प्रतियोगिताको समयमा मात्र फुटबल सोच्छौं, अरू बेला राजनैतिक गफ गरेर फुर्सद नै पाउदैनौं।

## ५ प्रश्न



प्रदीप महर्जन, नेपाली राष्ट्रिय टिम तथा नबिल थ्रिस्टार क्लबका नियमित एवं महत्वपूर्ण खेलाडी। एन्फा एकेडेमीको पहिलो ब्याचका २२ वर्षीय प्लेमेकर महर्जनले गत महिना बंगलादेशमा सम्पन्न एएफसी च्यालेन्ज कपमा नेपाललाई सेमीफाइनलसम्म पुर्‍याउन महत्वपूर्ण भूमिका खेलेका थिए। उमेर समूहका विभिन्न प्रतियोगिता हुँदै सन् २००४ मा पाकिस्तानमा नवौं दक्षिण एसियाली खेलकुदअन्तर्गत अन्डर-२३ राष्ट्रिय फुटबल टिममा स्थान बनाएका महर्जनले गत पुसमा पाकिस्तानमै दक्षिण एसियाली फुटबल च्याम्पियनसिपका क्रममा पहिलो पटक राष्ट्रिय टिममा स्थान बनाए।

**१ यस पटकको विश्वकप कसरी हेर्दै हुनुहुन्छ ?**

साथीभाइसँग मिलेर हेर्ने योजना बनाउँदैछु। त्यसो भयो भने रमाइलो पनि हुनेछ। यसपटक सकेसम्म कुनै पनि खेल नछुटाई हेर्ने सोचाइमा छु।

**२ विश्वकपले तपाईंको जीवनमा कस्तो महत्त्व राख्छ ?**

विश्वका उत्कृष्ट टिमको सहभागितामा प्रत्येक चार वर्षमा आयोजना हुने भएकाले विश्वकप सबैका लागि उत्तिकै महत्त्वपूर्ण छ। खासगरी हामीजस्ता खेलाडीका लागि त यसको महत्त्व अझ बढी छ। विश्वकपमा विश्वका उत्कृष्ट खेलाडीको प्रदर्शनबाट केही सिक्न र त्यसलाई आफ्नो खेलजीवनमा समेत लागू गर्न चाहन्छु।

**३ तपाईंलाई मन पर्ने टिम कुन हो ?**

सन १९९४ मा पहिलो पटक विश्वकप हेर्दा नै मलाई ब्राजिल मन परेको हो र अहिलेसम्म पनि मेरो प्रिय टिम त्यही हो। पाँचपटक विश्वकप हात पारेको ब्राजिलियन टिममा मेरो आदर्श खेलाडी रोनाल्डिन्हो पनि छन्। फेरि व्यक्तिगत क्षमतायुक्त खेलाडीले भरिएको ब्राजिलियन टिम यति बेला उत्कृष्ट फर्ममा छ।

**४ यसपटक विश्वकप कसले जित्ला जस्तो लाग्छ ?**

अहिलेको अवस्था हेर्दा ब्राजिल नै विश्वकपको मुख्य दावेदार हो तर चारवर्ष अघि दावेदारहरू अर्जेन्टिना र फ्रान्स पहिलो चरणबाटै घर फर्किएको कुरा पनि बिर्सनु हुँदैन। विश्वकपजस्तो प्रतियोगितामा जस्तो नतिजा पनि आउन सक्छ। ब्राजिलले जितेन भने अर्जेन्टिना र इङ्ल्यान्डले जित्न सक्छन्, तिनीहरू पनि मलाई मन पर्ने टिम हुन्। गृहमैदानको फाइदा रहेका कारण जर्मनी पनि विश्वकपको प्रबल दावेदार हो।

**५ यसपटक कुनै टिमले अप्रत्याशित नतिजा ल्याउला ?**

पछिल्लो पटकको प्रदर्शन र मेहनत हेर्दा चार वर्षअघि आफ्नै गृहमैदानमा सेमीफाइनलमा पुगेको इतिहासलाई दोहोर्‍याउन दक्षिण कोरिया सक्षम छ। दक्षिण कोरियाबाहेक मेक्सिको पनि अप्रत्याशित नतिजा दिन सक्ने टिम हो।



